नौलो घुम्ती नेपाल













वार्षिक प्रगति प्रतिवेदन

२०८०/०८१

पोखरा-१७, सीतापाईला, कास्की
फोन: ०६१-४०२०७०/७१
ईमेल : nauloghumti@ngn.org.np । वेवसाईट : www.ngn.org.np

विषयसूची

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय १

महिला–पुरुष लागुपदार्थ परामर्श, उपचार तथा पुन:स्थापना कार्यक्रम २

एकीकृत सामुदायिक विकास परियोजना ७

समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की १९

एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथाउपचार सेवाकार्यक्रम २४

संस्थाका नियमित गतिविधिहरू २७

आगामी वर्ष २०८१/०८२ का लागी प्रस्तावित कार्यक्रमहरू २९

अनुसुचीहरू

अनुसुची १: आजीवन सदस्यहरूको नामावली ३०

अनुसुची २: बिभिन्न समितिको नामावली ३३

आर्थिक प्रतिवेदन ३६

अध्यक्षको मन्तव्य



नौलो घुम्ती नेपालको २३ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन र सामाजिक परिक्षणमा पाल्नु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नु भएका कार्यालय प्रमुख, अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, पत्रकारज्यूहरू नौलो घुम्ती नेपालका संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्ष तथा सल्लाहकारज्यूहरू, उपाध्यक्षज्यूहरू, कार्यसमितिका सहकर्मी मित्रहरू, सम्मानित आजीवन सदस्यज्यूहरू, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरू र उपस्थित अन्य महिला तथा सज्जनवृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

संस्थाले आफ्नो २२ औं वर्ष पार गरि २३ औं वर्षमा प्रवेश गरेको छ । राष्ट्रिय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गरि आफ्नो पहिचान बनाउन सफल भएको यस संस्थामा स्थापनाकाल देखि विभिन्न पदमा संलग्न भई वर्तमान अवस्थामा अध्यक्षको हैसियतले यहाँहरू सामु उपस्थित भई केही कुराहरू राख्न पाएकोमा अत्यन्तै गौरवान्वित महशुस गरेको छु ।

नौलो घुम्ती नेपालको इतिहासलाई फर्केर हेर्दा International Nepal Fellowship (INF) ले सन् २००२ मा यस संस्थालाई एक गैरसरकारी संस्थाको रुपमा नागरिक समाजलाई हस्तान्तरण गरेको हो । सो वखत गठीत तदर्थ समितिमा संस्थापक अध्यक्ष एवं वरिष्ठ समाजसेवी श्री प्रेम बहादुर श्रेष्ठ, उपाध्यक्ष लालकुमारी गुरुङ्ग, सचिव हिमालय देव सिग्देल, सह सचिव सकुन सिंह रानाभाट, कोषाध्यक्ष योगराज पौडेल र सदस्यहरू रामप्रसाद ज्ञवाली, गृष्मकेशव पराजुली, डा. कपिलदेव उपाध्याय, रामराज के.सी, पदमराज पहारी, प्रकाश वाग्ले र सल्लाहकार समितिमा स्व. गणेश बहादुर गुरुङ्ग, रामकाजी वान्तवा, महेश गुरुङ्ग, डा. दिपेन्द्रकुमार गौतम, स्व. सुरेन्द्रकुमार गौतम, राजन अधिकारी, स्व. शाह बहादुर गुरुङ्ग रहनु भएको थियो । तत् पश्चात यस संस्थालाई स्व. सुरेन्द्र कुमार गौतम, इन्दिरा वराल, पदमराज पहारी, मेहरमान श्रेष्ठ, खड्ग बहादुर रानाभाट र योगराज पौडेलले नेत्रृत्व प्रदान गरिसक्नु भएको छ । यस शुभ घडीमा हामी ती अग्रजहरूको योगदानलाई उच्च मूल्याङकन गर्दै स्मरण गर्न चाहन्छौं । स्थापनाकालमा यो संस्था निकै सानो अवस्थाबाट सुरु गरिएको थियो । त्यतिबेला लागु औषध प्रयोगकर्ताहरूलाई उपचार, परामर्श र पुनर्स्थापनाको कार्य गरेको यस संस्थाले २२ वर्षको अवधिमा २३ जिल्लाहरू (कास्की, तनहुँ, लमजुङ्ग, गोर्खा, स्याङ्जा, पर्वत, म्याग्दी, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलबस्तु, चितवन, सर्लाही, झापा, मोरङ्ग, सुनसरी, काठमाण्डौं, ललितपुर, कैलाली, नवलपरासी, बर्दिया, महोत्तरी र मनाङ्ग) मा विभिन्न कार्यक्रम गरीसकेको अनुभव सँगालेको छ । यसै गरी युएनडिपि (UNDP), युएनओडिसि (UNODC), सेभ द चिल्ड्रेन (Save the Children), युरोपियन युनियन (European Union), इको कार्किनेक्सी (ICCO Kerkinactie Netherlands), डब्लु डब्लु एफ (WWF), यूएन ह्याविटेट (UNHABITAT), VSO लगाएतका दातृनिकायको सहयोगमा समाजका विपन्न र पछाडि परेका महिला, बालबालिका, युवा, समुदायमा एक उत्कृष्ट सामाजिक संस्थाको रुपमा स्थापित भएको कुरा सगर्व बताउन पाउदा हामीले गौरवान्वित महशुस गरेका छौं ।

दिगो विकास लक्ष्य प्रप्तिका लागि सवैको साझेदारी तथा पहल अहिलेको आवश्यकता हो । देशविकास र सामाजिक रुपान्तरणका लागि यो संस्था सधै नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा समुदायसँग हातेमालो गर्दै अगाडि बढि रहेको र बढ्ने छ । नौलो घुम्ती नेपालले यस आर्थिक वर्षमा पुरुष तथा महिलाहरूका लागि लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रम, एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम (कास्की र तनहुँ), सामुदायिक झोलुङ्गे पुल कार्यक्रम (कास्की र मनाङ्ग) टेबुल टेनिस फर न्यू लाईफ कार्यक्रम (पुनस्थापना केन्द्रका सेवार्थी लक्षित) र एकीकृत सामुदायिक विकास कार्यक्रम मार्फत (कास्की जिल्लामा) शिक्षा, स्वास्थ्य, बाल अधिकार र जीविकोपार्जनको क्षेत्रमा विभिन्न सामाजिक परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्न सफल भएको छ ।

त्यसै गरी अति विपन्न तथा आर्थिक अभावका कारण शिक्षा बाट बन्चित रहेका वालवलिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्धेश्यले संस्थाकै पहलमा स्पोन्सरसीप कार्यक्रम सुरुवात गरिएको छ । उक्त कार्यक्रमको

सञ्चालनका लागि संस्थाका कार्यसमिति पदाधिकारीहरू, सल्लाहकारहरू तथा आजीवन सदस्यहरूले व्यक्तिगत रुपमा आर्थिक सहयोग गर्नुभएकोमा यहाँहरू सम्पूर्ण प्रति हार्दिक धन्यवाद तथा कृतज्ञता अर्पण गर्दछु ।

यसरि प्राप्त रकमबाट एक पूँजिकोष स्थापना गरि सो बाट आर्जित ब्याजबाट थप गरिब र असाहय विद्यार्थीको शिक्षामा सहयोग उपलब्ध गराईनेछ । साथै यस आर्थिक वर्षमा संस्थाका प्रमुख उपलब्धी तथा सञ्चालनमा ल्याएका कार्यक्रमहरूको संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु ।

यस वर्षमा भएका प्रमुख उपलब्धीहरू:

- लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रमा गत वर्ष सम्म २८११ जना पुरुष र ७२५ महिला सहित ३५३६ जनाले आवासीय सेवा प्राप्त गरिसकेका छन् भने यस आर्थिक वर्षमा १०३ जना पुरुष र ७३ जना महिलाहरू गरी जम्मा १७६ जनाले आवासीय सेवा प्राप्त गरेका छन् ।
- अन्तर पुनस्थापना केन्द्र स्तरिय टेबुलटेनिस प्रतियोगिता पोखरा रङ्गशालामा सम्पन्न भएको छ ।
- शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रम अर्न्तगत १३२७ जना बिधार्थी, ४२ बिद्यालय, ६ सहकारी संस्था, २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र ६ स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य सेवा केन्द्र र २ सामुदायीक स्वास्थ्य इकाईमा सेवा उपलब्ध गराइएको छ ।
- कास्कीका ४२ सामुदायीक विद्यालयमा अध्ययन गर्ने १०९५ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री, विद्यालय पोशाक समेत प्रदान गरिएको छ । यस वर्ष SEE उत्तिर्ण गर्ने २३२ विद्यार्थीलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- जिविकोपार्जन कार्यक्रम अर्न्तगत १० अगुवा कृषकहरूलाई प्राकृतिक खेती तालिममा आवद्ध गर्दै २०० जना कृषकलाई प्राकृतिक खेतीका लागि आवश्यक बिउ बिज तथा कृषि सामग्रि सहयोग ।
- परियोजनाद्वारा ६ वटा सहकारीमा हाल सम्म १ करोड ३८ लाख २१ हजार नौ सय ३७ रुपैंया घुम्तीकोष रकम प्रदान गरिएकोछ जसबाट ३१८ घरपरिवारहरू व्यवसायिक उद्यममा आबद्ध भएका छन् ।
- संस्थाले कास्की जिल्लाका बिभिन्न ठाउँमा हाल सम्म ६७ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भइसकेको मध्ये यस आर्थिक वर्षमा ९ वटा झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भएको छ । कास्की र मनाङ्ग जिल्ला गरेर ११ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ । साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ ।
- यस वर्ष ५६० जना एचआईभीको जोखिममा रहेका व्यक्तिहरूलाई एचआईभीको परिक्षण र ८४ जना नयाँ संक्रमितहरूलाई एआरटीको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल (हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा रेफर गरिएको छ ।
- ४५४ जनाको यौनरोग परीक्षण गरिएको छ भने ५७ जनाको यौन रोगको निदान र उपचार सेवा प्रदान गरिएको छ ।
- ४२३ जनालाई समुदायस्तरमा हेरचाह तथा काउन्सिलिङ्ग सेवा प्रदान गरिएको छ ।

यस वर्ष भए गरेका परियोजनागत बिस्तृत गतिविधिहरू, उपलब्धिहरू, समस्या र चुनौतिहरू, सिकाईहरू र सफलताका कथाहरू हाम्रो वार्षिक प्रतिवेदनका विभिन्न खण्डहरूमा उल्लेखित गरिएको छ । यहाँहरूले सो प्रतिवेदन अध्ययन गरि सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।

यस संस्थाले आर्थिक वर्ष २०८०/८१ मा विविध परियोजनाका गतिविधिहरू सफलता पुर्वक सञ्चालन गरिरहेको छ, जुन यस प्रकार रहेका छन् ।

१. लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम - नेपाल भरी, नौलो घुम्ती नेपालको आन्तरिक स्रोतबाट सञ्चालित - सन् २००२ देखि हालसम्म,
२. EpiC Nepal Project कास्की र तनहुँ जिल्ला, सहयोगी संस्था - USAID/PEPFAR/FHI360 - सन् २०२० देखि २०२४ सम्म,

३. समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की र मनाङ्ग - सहयोगी संस्था TBSU/PTAP, स्थानीय सरकार, कास्की र मनाङ्ग - सन् २०१५ देखि २०२५ सम्म,
४. एकीकृत सामुदायिक बिकास परियोजना, कास्की-सहयोगी संस्था - Good Neighbor International (GNI) - सन् २०१६ नोभेम्बर देखि हालसम्म,
५. Table Tennis for New Life परियोजना, कास्की-सहयोगी संस्था – ITTF Foundation – सन् २०२२ अप्रिल देखि मार्च २०२५ सम्म ।

यी सबै कार्यक्रहरू सञ्चालनको लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका कार्य समिति सदस्यहरू, सल्लाहकार एवं आजीवन सदस्यज्युहरूको सहयोग पाएर नै हामीलाई अगाडि बढने प्रेरणा मिलेको र यो संस्था सामाजिक परिवर्तनको बाहकको रुपमा अगाडि बढीरहेको छ र बढिरहने कुरामा विश्वस्त छु । संस्थाको दिगोपनाका लागि हामीले चालेका हरेक पाइलाहरूमा सहयोग गर्नुहुने दातृ निकायहरू, सरकारी तथा गैर सरकारी संघ संस्थाहरू, प्रहरी प्रशासन, उद्योगपति, व्यवसायिहरू, समाजसेवी नागरिक समाज, टोल विकास संस्था, आमा समूहहरू, कार्य समिति, सल्लाहकार, चन्दादाता आजीवन सदस्य, संञ्चारकर्मी मित्रहरू, कर्मचारी मित्रहरू लगायत सम्पूर्ण आदरणीय महानुभावहरूमा संस्थाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । साथै आगामी दिनहरूमा पनि यहाँहरूबाट विगतमा जस्तै न्यानो माया, सद्भाव एवम् सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा नौलो घुम्ती नेपालका गतिविधिहरूलाई प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने साझेदार संस्थाहरू अन्तराष्ट्रिय बिकासका लागि अमेरिकी सहयोग नियोग (USAID/FHI360), गुड नेवर इन्टरनेशनल (GNI), TBSU/PTAP, ITTF Foundation, जिल्ला समन्वय समिति कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाँउपालिका, अन्नपुर्ण गाँउपालिका, मादी गाँउपालिका तथा मनाङ जिल्लाको चामे गाएँपाललिका, नार्पाभूमि गाउँपालिका र डिस्याङ गाउँपालिकाप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि र सम्पूर्ण अतिथिज्युहरू समेत सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

बद्रीविनेद खनाल 'प्रतीक'
अध्यक्ष
नौलो घुम्ती नेपाल

मितिः २०८१/०६/१८

महासचिवको संक्षिप्त प्रगति प्रतिवेदन



नौलो घुम्ती नेपालका अध्यक्ष एवंम् यस सभाका अध्यक्ष ज्यू, नौलो घुम्ती नेपालको २३ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशन र सामाजिक परिक्षणमा पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सल्लाहकारज्यूहरू, उपाध्यक्षज्यूहरू, कार्यसमितिका सहकर्मी मित्रहरू, सम्मानित आजीवन सदस्यज्यूहरू, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरू, पत्रकारज्यूहरू र उपस्थित अन्य महिला तथा सज्जन वृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

सन् १९९५ देखि परियोजनाको रुपमा परिचित नौलो घुम्ती नेपाल सन् २००२ मा आएर स्वतन्त्र गैर सरकारी सामाजिक संस्थाको स्वरुप लिई “नौलो घुम्ती नेपाल” नामले स्थापित हुन पुग्यो । स्थापनाको समयमा लागुपदार्थ प्रयोगकर्ताको आवासीय उपचार गर्ने केन्द्रको रुपमा रहेको र सोही बमोजिम आफ्ना कृयाकलाप सञ्चालन गर्दै आएकोमा सन् २००३ देखि यसले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै अगाडि वढ्यो ।

सन् २००६ मा कार्यक्रमिक तथा भौगोलिक क्षेत्रहरू विस्तार गर्नुका साथै यसलाई संस्थागत वनाउन सफल भई सकेको छ । वर्तमान समयमा संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । शिक्षा, स्वास्थ्य, बाल संरक्षण, खेलकुद, जीविकोपार्जन, झोलुङ्गेपुल निर्माण, शान्ति, सुशासन, मानव अधिकार र वातावरण संरक्षण जस्ता मुख्य कार्यक्रमिक विषय र सामाजिक समावेशीकरण, लैङ्गिक समानता र क्षमता अभिबृद्धिलाई साझा सरोकारको विषय बनाई सोही अनुसार कार्यक्रमहरू निर्देशित समेत गरिएको छ । स्थापनाको समयमा लागुपदार्थ, एचआईभी र एड्सको क्षेत्रलाई कार्यक्षेत्र मानी कार्यरत रहेकोमा आजका दिनहरूमा नेपालको समग्र विकासमा योगदान पुऱ्याउने एक प्रतिष्ठित सामाजिक संस्थाको रुपमा परिचित बन्न सफल भएको छ ।

लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्रलाई स्थायित्व दिन तथा संस्थाका प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरूलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न २०७० सालमा श्रीमद्भागवत विराट ज्ञान महायज्ञ आयोजना गरी यहाँहरूको अमुल्य योगदान र सहयोगमा पोखरा-१७ सीतापाईलामा निर्मित आफ्नै भवनबाट प्रशासनिक कार्यका साथै महिला लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्र संचालित रहेको छ । त्यस्तै कार्यक्रम विस्तारको हिसावले Good Neighbour International (GNI) को आर्थिक तथा प्राविधिक सहयोगमा कास्की जिल्लाका साबिकका ५ गाबिसहरू (हाल मादी गा.पा ८,९,१०,११; अन्नपुर्ण गा.पा ४,६,७ माछापुच्छ्रे गा.पा ६,८,९ तथा पोखरा महानगरपालिकामा २३) शिक्षा तथा बाल संरक्षण, स्वास्थ्य तथा सरसफाई, जिविकोपार्जनलाई केन्द्रित गरी एकिकृत सामुदायिक बिकास कार्यक्रम बिगत सन् २०१६ देखि निरन्तर रुपमा सञ्चालन भैरहेको छ ।

त्यसैगरी कास्की र मनाङ्ग जिल्लामा TBSU/PTAP को प्राविधिक तथा स्थानीय पालिकाहरूको आर्थिक सहयोगमा समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम सञ्चालन भैरहेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID/PEPFAR) को सहयोगमा इपिक नेपाल परियोजना २०२० अक्टोवरदेखि सञ्चालन भईरहेको छ ।

समाज कल्याण परिषद, गृह मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य सरकारी निकाय, स्थानीय निकाय, USAID/PEPFAR, EpiC Nepal Project, Good Neighbor International, Nepal (GNI), ITTF Foundation,

लगायत विभिन्न सरोकारवाला निकायहरूद्वारा यस संस्थाद्वारा संचालित विविध परियोजना तथा कार्यक्रमहरूको अनुगमन मुल्यांकन गरी संस्थालाई प्राप्त सल्लाह सुझावको लागि कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा पनि संस्थाको विकासको लागि निरन्तर सल्लाह र सुझावको अपेक्षा राख्दछौं ।

अन्त्यमा यस संस्थाका गतिविधिहरूलाई प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने यस संस्थाका संस्थापक ज्यूहरू, नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल), जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला समन्वय समितिको कार्यालय कास्की, स्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, मादी गाउँपालिका र मनाङ्ग जिल्लाका चामे गाउँपालिका, नार्पाभूमी गाउँपालिका, डिस्याङ गाउँपालिका लगायत विभिन्न सरकारी निकायहरू, दातृ निकायहरू, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, स्थानीय निकाय, सेवार्थीहरू र उहाँका परिवारजनहरू, लाभान्वित समुदाय, कार्यसमितिका सहयोगी मित्रहरू, सल्लाहकार ज्यूहरू, कर्मचारी मित्रहरू साथै समस्त नागरिक समाज सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

मिना कुमारी गुरुङ्ग
महासचिव
नौलो घुम्ती नेपाल

मितिः २०८१/०६/१८

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय

नौलो घुम्ती नेपाल सन् २००२ मा विधिवत् रुपमा नेपाल सरकारको संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भएको राष्ट्रिय स्तरको गैरसरकारी सामाजिक संस्था हो । यो संस्था समाज कल्याण परिषद, गृह मन्त्रालय लागु औषध नियन्त्रण महाशाखामा विधिवत दर्ता भएको छ । संस्थाले लागु औषध नियन्त्रण, एच आई भी रोकथाम, सामुदायिक विकास, शिक्षा, आयआर्जन जस्ता क्षेत्रहरूमा कार्य गरिरहेको छ । नेपालका २३ भन्दा बढी जिल्लाहरूमा परियोजना सञ्चालन गरी समुदायमा परिचित छ । विभिन्न संस्थाहरू सँग साझेदारीमा अगुवा संस्थाको रुपमा प्रशासनिक तथा व्यवस्थापकीय दक्षता हासिल गरेको र उत्कृष्ट सेवा प्रवाह गरेकोमा विभिन्न सरकारी निकायवाट पुरस्कृत भएको छ ।

परिकल्पना (Vision)

नौलो घुम्ती नेपाल यस्तो समाज चाहन्छ, जहाँ प्रत्येक नागरिकले स्वास्थ्य, न्याय, शान्ति र संवृद्धिको अवसर प्राप्त गरी सम्मानित जीवन यापन गरेका हुनेछन् ।

ध्येय (Mission)

आर्थिक तथा सामाजिक रुपमा पछाडि पर्न बाध्य विपन्न संकटाभिमुख र सिमान्तकृत समुदायको जीवनस्तर सुधारका लागि जीविकोपार्जनको विकास, आधारभूत स्वास्थ्य, सरसफाई र शिक्षामा पहुँच, प्राकृतिक साधन श्रोतहरूको समुचित परिचालन, वातावरणीय संरक्षण, मानव अधिकार र लोकतन्त्र प्रवर्द्धन, लैंगिक समानता, समावेशीकरण साथै लागूपदार्थ तथा एचआईभी एड्सको रोकथाम नियन्त्रण एवं उपचार लगायतका कार्यक्रमहरू सञ्चालन गर्नु ।

लक्ष्य (Goal)

लागूपदार्थ प्रभावितहरूलाई उपचार सहयोग एवं पुनर्स्थापना, एचआईभी र यौनजन्य संक्रमणमा कमी, विपन्न र सिमान्तकृत समुदायको प्राकृतिक साधन श्रोतको समुचित परिचालन गर्न क्षमताको विकास गरी आय स्तरमा वृद्धि, आधारभूत स्वास्थ्य र शिक्षामा सबैको पहुँच अभिवृद्धि, सुशाासनको प्रत्याभुती, मानव अधिकारको संरक्षण र संवर्द्धन साथै लोकतन्त्रको विकास एवं सुदृढीकरण गर्ने ।

उद्देश्यहरू (Objectives)

१. लागुपदार्थ प्रयोग, एचआईभी र यौनजन्य संक्रमणको रोकथाम र नियन्त्रण गर्न जनचेतना, रक्त परिक्षण, परामर्श उपचार हेरचाह तथा पुनर्स्थापना सेवा, क्षमता अभिवृद्धि साथै नीतिगत सुधारका लागि बहश पैरवी जस्ता सेवाहरू सञ्चालन गर्ने ।
२. लैंङ्गिक तथा कुनै पनि प्रकारका सामाजिक विभेदहरूको अन्त्य, आधारभूत मानव अधिकारको सुनिश्चितता, शुसासनको प्रवर्धन मार्फत लोकतान्त्रिक पद्धतिको विकास गर्ने ।
३. शिक्षामा सवै नागरिकको सहज पहुँच, गुणस्तरीय साथै सार्थक र जीवन उपयोगी शिक्षा मार्फत राष्ट्र विकासको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न टेवा दिने ।
४. आधारभूत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई सुविधामा सवैको पहुँच वृद्धि, विपद् न्यूनीकरण, वातावरण संरक्षण गरी जनस्वाथ्यको अवस्थामा सुधार ल्याउने
५. सामाजिक र आर्थिक रुपले पछाडि पारिएका समुदायको साधन श्रोत, सेवा, पूंजी र सीपमा पहुँच बढाई वातावरण मैत्री सर्वाङ्गिण विकास मार्फत आयआर्जन बृद्धि गर्ने ।
६. लैंङ्गिक र समावेसीताको सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय विकासे कार्यकर्ता र समुदायको क्षमता अभिवृद्धि गर्ने ।
७. झोलुङ्गेपुल निर्माण तथा मर्मतका कार्यक्रहरू सञ्चालन गरी स्थानीय समुदायलाई आधारभूत सेवा, विद्यालय, स्वास्थ्य, प्रशासनिक सेवा, पर्यटन प्रबर्धन र विकास, सामाजिक र सांस्कृतिक केन्द्रहरूमा सहज आवत-जावत तथा जोखिम न्यूनिकरण गर्ने ।
८. बिपद् जोखिम न्युनिकरणका विभिन्न कार्यक्रहरू सञ्चालन गर्ने ।
९. वातावरण संरक्षण, सरसफाई, प्राकृतिक स्रोत र साधनको सम्बर्धन गर्ने ।
१०. दीगो विकास लक्ष्य सम्बन्धित विभिन्न कार्यक्रहरू सञ्चालन गर्ने ।

नौलो घुम्ती नेपाल

महिला-पुरुष लागुपदार्थ परामर्श, उपचार तथा पुनःस्थापना कार्यक्रम







लागुपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम नौलो घुम्ती नेपालको स्थापना काल देखिनै सञ्चालित पहिलो र मुख्य कार्यक्रम हो । यस परियोजनाले जुनसुकै लागुपदार्थ र मद्यपानको प्रयोग रोकथामका लागि परामर्श, उपचार पुनस्थापना, सचेतना तथा पैरवीका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ । यस परियोजना स्थापना कालदेखि सन् २०१४ सम्म दातृ निकायको आर्थिक सहयोगमा सञ्चालन रहेकोमा सन् २०१५ देखि दातृ संस्थाको सहयोग विना सेवार्थीको सहयोग र स्थानीय स्रोत साधन परिचालन गर्दै संस्थाले पोखरा-१७, सीतापाईलामा संस्थाको आफ्नै भवनमा महिला उपचार तथा पुनस्थापना केन्द्र र सन् २०२० मार्चदेखि जिल्ला प्रशासन कार्यालय कास्की संगको सहकार्यमा पोखरा-१८, धारापानीमा पुरुष उपचार तथा पुनस्थापना केन्द्र प्रभावकारी तवरले सञ्चालन गरिरहेको छ ।

परियोजनाले सेवार्थीहरूलाई सुविधाजनक आवास, सन्तुलित भोजन, पारीवारिक र मनोरञ्जनात्मक वातावरण, योग अभ्यास, मनोविमर्श सेवा, आध्यात्मिक जागरण, व्यवहार परिवर्तन सम्बन्धी शिक्षा, चिकित्सकद्वारा नियमित स्वास्थ्य परीक्षण, सामाजिकिकरण कार्यक्रम, खेलकुद, साउनाबाथ थेरापी जस्ता विभिन्न क्रियाकलापहरूमा सहभागी गराएर प्रभावकारी सेवा प्रदान गर्दै आईरहेको छ। युवा युवतिहरू, विद्यार्थीहरू तथा समुदाय स्तरमा लागुपदार्थ मद्यपान सम्बन्धी अभिमुखिकरण, जनचेतना तथा पैरवीका कार्यक्रम सञ्चालन गरी उच्च जोखिममा रहेका समूहलाई सचेत गर्दै लागुपदार्थ प्रयोगको बढ्दो दरलाई रोकथाम तथा न्युनिकरणका कार्यहरू गरिरहेको छ। पुनस्थापना केन्द्रमा महिला तर्फ २० सैया र पुरुष तर्फ ४० सैयाको क्षमता रहेको छ । जसमा नेपालका जुनसुकै जिल्लाहरूबाट पनि सेवार्थीहरूले गुणस्तरीय उपचार सेवा लिन सक्दछन् ।

यस कार्यक्रमको मुख्य लक्ष्य लागुपदार्थको प्रयोगबाट प्रभावितहरूलाई उपचार तथा पुनर्स्थापनाको समग्र पद्धती अवलम्बन गरी लागुपदार्थ प्रयोगकर्ताहरूको उपचार गर्नुका साथै यसको प्रयोगबाट हुने जोखिम न्युनिकरण

गर्दै उनीहरूको दीर्घ रिकभरिङ्ग, सकारात्मक जीवनयापनमा सहयोग पुऱ्याउनु तथा परिवार र समाजमा पुनर्स्थापित गराउनु नै हो ।

- **लक्षित समुह:**
  लागुपदार्थ महिला तथा पुरुष प्रयोगकर्ताहरू, तिनीहरूको परिवार र अन्य सरोकारवालाहरू यसका लक्षित समूह हुन ।
- **बजेट**: ९० लाख (सेवार्थी अनुदान र स्थानीय स्रोत)
- **परियोजना अबधी**: १ श्रावण २०८०-३१ आषाढ २०८१

- **परियोजनाको उद्देश्यहरू:**

उद्देश्य १: आ. व. २०८० र ०८१ का लागि उपचार तथा पुनस्थापना कार्यक्रम मार्फत ३ महिने आवासीय उपचार सेवा उपलब्ध गराई लागुपदार्थबाट हुने जोखिम न्यूनिकरणका साथै गुणस्तरीय सेवा प्रदान गर्न २४० जना भर्ना (नयाँ तथा पुराना गरी महिलातर्फ ८० जना र पुरुष तर्फ १६० जना) को लक्ष्य राखिएकोमा कुल १७६ (महिला तर्फ ७३ जना र पुरुष तर्फ १०३ जना) जना लक्ष्य प्राप्ती गर्न सफल रह्यो । ती मध्ये पोखरा महानगरपालिकाका, कास्कीका १११ र अन्य जिल्लाका ६५ जना रहेका थिए । जसमा पूर्ण आवासीय (३ महिना) उपचार सेवा प्राप्त गर्ने १२५ जना र आंशिक उपचार सेवा प्राप्त गर्ने ५४ जना रहेका छन्, २ जना प्रेशण गरिएको थियो र ७ जना ड्रपआउट भएको थियो । महिला र पुरुष गरेर जम्मा १७६ जनामध्ये ४५ जना गाँजाको, ११८ जना रक्सीको, ८ जना नर्फिनको र ६ जना हिरोइनको लतमा फसेकाहरू रहेका थिए । सेवार्थीहरूको दीर्घ रिकभरिङ्ग, सकारात्मक जीवन यापनमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन मध्ये परामर्श सेवा महत्वपूर्ण कार्य हो । जसमा आवासीय सेवार्थीलाई दोहोऱ्याएर १३७३ पटक, सेवार्थीका परिवारलाई ६२७ पटक तथा सेवार्थी र सेवार्थीका परिवारलाईसँगै राखी २९२ पटक परामर्श सेवा प्रदान गरियो । त्यसै गरी आवासीय उपचारमा रहेका महिला तथा पुरुष सेवार्थीलाई वरिष्ठ चिकित्सकद्वारा १० पटक पुरुष केन्द्रमा र २ पटक महिला केन्द्रमा निःशुल्क क्लिनिक सेवा प्रदान गरियो । सेवार्थीको बानी-व्यवहार र स्वभाव परिवर्तनका लागि आत्मविश्वास











र नेतृत्वशीप बढाउने किसिमका अन्य थेरापेटिक सहयोगी कार्यक्रमहरू जस्तै सेवार्थी बिच सेअरिङ्ग मिटिङ्ग ९० पटक, आत्मजागरण कक्षा ३०१ पटक, शैक्षिक कक्षा २५१ पटक, डिभोशन कक्षा २५६ पटक, सेवार्थीको सामुदायिक बैठक २०४ पटक र आत्म-मूल्याङ्कन कक्षा ४० पटक पुरुष तर्फ सञ्चालन गरियो । त्यस्तै महिला तर्फ सेअरिङ्ग मिटिङ्ग ८७ पटक, आत्म-जागरण कक्षा २३३ पटक, शैक्षिक कक्षा २१० पटक, डिभोशन कक्षा २३० पटक, सेवार्थीको सामुदायिक बैठक १९० पटक र आत्म-मूल्याङ्कन कक्षा ४० पटक सञ्चालन गरिएको थियो । परामर्श तथा उपचार केन्द्रमा रहेका सेवार्थीहरूको अन्य स्वास्थ्य सम्बन्धी सेवाका लागि नौलो घुम्ति लगायत विभिन्न संघ संस्थाहरूमा मानसिक रोगको लागि ४८ पटक तथा अन्य रोगका निम्ति २८ पटक पुरुष तथा महिलालाई सेवार्थी प्रेषण गराइएको थियो । कार्यक्रमको दृष्टिकोणले उपचार पद्धतिमा परिवारका सदस्यहरू पनि महत्वपूर्ण सदस्य रहेकाले परिवार र सेवार्थीहरू बिचको सम्बन्ध स्थापित गर्ने हेतुले परिवारसँग आवश्यकता अनुरुप बैठकहरू सञ्चालन गरियो उक्त बैठकहरूमा उल्लेखनीय सहभागिता रहेको पाइयो ।

चाडपर्व मनाउने वा रमाईलो गर्ने उद्देश्यले गरिने कार्यक्रममा लागुपदार्थ बिना पनि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरी त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ भन्ने उदाहरण सहित पारिवारिक माहोलमा नयाँ वर्ष, दशै, तिहार, महिलाहरूको लागि विशेष तीज पर्व, क्रिश्मस, फागू-पूर्णिमा, शिवरात्री, माघेसंक्रान्ति जस्ता पर्वहरू समेत मनाइयो । त्यसै गरी हरेक व्यक्तिमा रहेका प्रतिभा तथा कला-प्रदर्शन गर्ने उद्देश्यका साथ सेवार्थीहरूलाई संलग्न गराई डान्स, क्विज, प्रश्नोत्तर आदि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि सञ्चालन गराइएको छ भने परिवार तथा समाजमा सामाजिक कार्यमा सहज वातावरणमा घुलमिल हुने सामाजिकीकरण कार्यक्रम जस्तै बाह्य भ्रमण तथा पिकनिकको आयोजना समेत गरियो ।

क्र.सं.	कार्यक्रमहरू	महिला (पटक)	पुरुष (पटक)
१	डिभोसन (प्रार्थना)	२३०	२५६
२	सामुदायिक बैठक	१९०	२०४
३	Self Evaluation-आत्मामुल्याकन	४०	४०
४	शैक्षिककक्षा (आन्तरिक)	२१०	२५१
५	स्टेपवर्कआउट (आत्माजागरण प्रश्नउत्तर)	२३३	३०१
६	सेरिङ बैठक	८७	९०
७	दैनिकी	दैनिक	दैनिक

उद्देश्य २: लागुपदार्थ उपचार पुरा गरिसकेका सेवार्थीहरूको दिगो रिकभरिङ साथै परिवार तथा समुदायमा पुनर्स्थापित हुन समय-समयमा सेवार्थी तथा परिवारसँगको भेटघाट गरी सामाजिक सीपको विकास, जीवनोपयोगी तालिमको व्यवस्था र रोजगारिका लागि परिवारसँग संयुक्त पुनर्स्थापना योजना बनाउने, प्रेशण गर्ने जस्ता सेवामा सहयोग गर्ने ।



उद्देश्य २ का कार्यक्रम तथा मूख्य उपलब्धिहरू:





- सेवार्थीहरूको उपचार पश्चात सेवार्थीको रोजगारी, अध्ययन, पारिवारिक जीवनको निरन्तरता, सामाजिक सम्बन्धको विकास गराई उनीहरूलाई दीगो रिकभरिङ्ग जीवन विताउन परिवार र समाजबाट सकारात्मक सहयोग प्राप्त हुने वातावरणको सृजना गरिन्छ । जसमा फरक-फरक तरिकाबाट फलो-अप गरिएको छ । टेलिफोनबाट महिला र पूरुष सेवार्थी तथा उनीहरूका परिवारलाइ ३८४ पटक (दोहोऱ्याएर), सेवार्थीद्वारा संस्थामा आई भेटघाट २७३ पटक (दोहोऱ्याएर) र सेवार्थी तथा परिवारलाई घरदैलो भेटघाट जम्मा ६६ पटक (दोहोऱ्याएर) गरी आवश्यक परामर्श, सहयोग तथा सुझाव प्रदान गरिएको थियो ।
- पटक-पटक गरेर यस आ.व.मा पुरुष तर्फ ९ जनाले र महिला तर्फ २ जनाले स्व-स्फुर्त लागुपदार्थ मुक्त सफल जीवनको महोत्वसब (वर्थ डे) मनाईयो भने सेवार्थीलाई रोल मोडेलको रुपमा खादा र अविरद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा उनिहरूले आफ्नो मर्म, भावना, विगतका सिकाई तथा अनुभवहरू सुनाएका थिए ।
- तीन महिने आवासीय उपचार उपचार पश्चात अवधि थप गरेका पुरुष तथा महिला सेवार्थीहरूलाई दिवा सेवा कार्यक्रम अन्तर्गत उनीहरूको सिपविकासको लागि जिविकोपार्जन सिप र बाहिरी जिम्मेवारहरूमा सहभागी गराइन्छ। साथै परिवारको सहयोग र सुझावमा तालिम तथा वैदेशिक रोजगारमा पठाउन सहयोग पूऱ्याइएको छ।
- लामो समय उपचार लिईरहेका सेवार्थीहरूलाई दीगो रिकभरिङ्गमा सहयोग पुऱ्याउने उद्देश्यका साथ पुरुष आवासीय उपचार तथा पुनर्स्थापना केन्द्रका लागि १ जना पुरुष रिकभरिङ्ग र महिला तर्फ १ जना माहिला रिकभरिङ्ग स्वयंसेवकलाई छनौट गरी विभिन्न क्रियाकलापमा सहभागी गराई उनीहरूलाई जिम्मेवारी बहन गर्ने अवसर उपलब्ध गराइएको छ ।

उद्देश्य ३: लागुपदार्थ/मद्यपान, सम्बन्धी सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने:

लागुपदार्थ/मद्यपान, एचआईभी/एड्स तथा अन्य जोखिम न्यूनिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू तथा नौलो घुम्ती नेपालको लागुपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रमको अध्ययन तथा अवलम्बन भ्रमणमा आएका सरोकारवालाहरूलाई कार्यकारी निर्देशक अनेश गुरुङ, कार्यक्रम संयोजक ओम गुरुङ र कार्यक्रम उत्प्रेरक लक्ष्मण पन्तद्वारा कार्यक्रमबारे सहजिकरण गरिएको थियो । कार्यक्रममा तपशिल बमोजिम विभिन्न नर्सिङ-विद्यार्थी र मा.वि. विद्यार्थी साथै अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

क्र.सं.	मिती	संस्था	सहभागी	कैफियत
१	२०८०/०४/२१	GMC नर्सिङ कलेज	२०	नर्सिङ
२	२०८०/०५/१०	फिस्टेल नर्सिङ कलेज	३०	नर्सिङ
३	२०८०/०७/१२	फिस्टेल नर्सिङ कलेज-Australian Intern	११	नर्सिङ
४	२०८०/०८/१०	लितल स्टार बोडिङ स्कुल, बुटोल	४०	विद्यार्थी
५	२०८०/०९/२२	श्री गौरी शंकर मनिलाल मा.वि.	५०	विद्यार्थी
६	२०८०/१०/२१	GEF. Secondary English School	६०	विद्यार्थी
७	२०८०/११/०३	श्री आर्वा विजय मा.वि.	६०	विद्यार्थी
८	२०८१/०२/१६	GMC नर्सिङ कलेज	३५	नर्सिङ
९	२०८१/०३/१९	ताल बाराही मा.वि.	५०	विद्यार्थी

- लागुपदार्थ/मद्यपान, उपचार, रोकथाम तथा नियन्त्रणका लागि समुदाय बिच लागुऔषध दुर्व्यसन तथा एच आई भी/एड्स सम्वन्धी सूचना प्रदान गर्ने उद्देश्य अनुरुप विभिन्न दिवसहरू मध्ये कण्डम दिवस, विश्व एड्स दिवस, लागू औषध ओसार-पसार विरुद्धको दिवस, मैनबत्ती स्मृति दिवसहरूमा कास्कीमा रहेका सरोकार संस्थाहरूसँगको समन्वयमा सहभागिता रहयो । त्यसैगरी अन्तर्राष्ट्रिय एच.आई.भि./एड्स दिवस, विश्व मानसिक स्वास्थ्य दिवस, शहिद दिवस, अन्तराष्ट्रिय महिला दिवस आदि कार्यक्रमहरूमा पनि सहभागिता रह्यो ।





उद्देश्य ४: संस्थागत क्षमता बिकासका लागि योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गरी सरोकारवाला र सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने:

- उपचारको लागि खेलकुद र ब्यायामको आवश्यक्ता रहेको हुनाले केन्द्रको दैनिक उपचार पद्धतीमा समावेस गरिएको छ । साथै विश्व टेबलटेनिस दिवसको अवसर पारेर मिती २०८१ वैशाख १२ गते कास्कीमा रहेका उपचार केन्द्रहरू बीच उन्तर पुनस्थापना केन्द्र स्तरिय टेबलटेनिस प्रतियोगिता आयोजना गरियो ।
- सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा लागुऔषधको उपचारको आवश्यक भएको तर आर्थिक अवस्था न्युन भएका परिवारहरूलाई नगरपालिका तथा जिल्ला प्रशासन कार्यालयको सिफारिस अनुसार सहुलियत उपचार सेवा प्रदान गरिएको छ ।



चुनौतीहरू:

१. लागुऔषध उपचारमा पुन दोहोरिने समस्या यथावत नै छ ।
२. सामाजिक भेद्भाव र लान्छनाको कारणले उपचारमा कम पहुँच ।
३. धारापानी-१८ मा रहेको पुरुष केन्द्रमा जाने बाटो वर्षाको समय असहज पाईएको छ ।

सुझावहरू:

१. पुनर्स्थापना केन्द्रको प्रभावकारीता तथा निरन्तरताका लागि स्थानीय निकायको थप समन्वय र सहकार्य आवश्यक देखिन्छ ।
२. लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्रमा चौवीसै घण्टा सतर्कता परिस्थितिको सामना गर्दै काम गर्नु पर्ने

हुँदा कर्मचारीहरूको मनोवललाई उच्च बनाउन कर्मचारीहरूको प्रोत्साहनको नीति अपनाउन पर्ने देखिन्छ ।

३. उपचारमा लामो समयदेखि सफल भएका सेवार्थीहरूलाई उदाहरणीय स्वयंसेवकको रुपमा परिचालन गरिनु आवश्यक छ ।

४. लागूपदार्थ मुक्त भएका सेवार्थीहरूलाई दिवा सेवामा आउने पूर्वाधार र वातावरण बनाउन आवश्यक देखिन्छ । साथै उनीहरूलाई राज्यले जिवन उपयोगि सिपमूलक तालिमको ब्यावस्था गर्नु आवश्यक छ ।

५. विभिन्न संघ संस्थाहरूसँग समन्वय गराई सिप विकास तालिम तथा रोजगारीमा संलग्न गराउन सकेमा दीगो पुनस्थापन हुन सक्छ ।

एकीकृत सामुदायिक विकास परियोजना

१. **परिचयः**

सामुदायिक विकास परियोजना शिक्षा, जीविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका क्षेत्रमा काम गर्ने एक एकिकृत परियोजना हो । दातृ निकाय गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक सहयोगमा नौलो घुम्ती नेपालले यस परियोजना सेप्टेम्वर २०१६ देखि कास्की जिल्लाको मादी गाउँपालिका ८, ९, ११; अन्नपूर्ण गाउँपालिका ४, ६, ७ र माछापुच्छे गाउँपालिका ८ र ९ मा सञ्चालन गर्दै आएको छ भने २०७५/७६ मा मादी गाउँपालिका वडा नं. १० मा पनि कार्यक्रम बिस्तार गरेको छ। बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ सञ्चालित यस परियोजनाले कास्की जिल्लाका ४२ साझेदार सामुदायिक बिद्यालयमा अध्ययनरत १३२७ प्रायोजित विद्यार्थीहरूलाई छात्रवृत्ती सहयोग गर्दै आएको छ । साथै छात्रवृत्ती प्राप्त गर्ने बाल बालिकाका अभिभावकलाई प्राथमिकता दिदैं कार्यक्षेत्र भित्रका ६ सहकारी मार्फत आयआर्जनका सहयोगी गतिविधि सञ्चालन गर्दछ । यस बाहेक समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रभाहमा सहयोगका लागि कार्य क्षेत्र भित्रका ३९ स्वास्थ्य संस्थाको स्तरोन्नती तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिमा यस परियोजनाले सहयोग गर्दै आएको छ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि शिक्षा, जीविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिईयो । एकीकृत सामुदायिक विकास परियोजना अन्तर्गत यस संस्थाले आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गरेका गतिविधिहरू र प्राप्त सफलताहरूलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

२. **कार्य विवरणः**

२.१. **शिक्षा तथा बालसंरक्षणः**

शैक्षिक सामग्री सहयोग	: **१०९५ बालबालिका**
छात्रवृत्ति रकम	: **२३२ बालबालिका**
स्मार्ट बोर्ड सहयोग	: **३ विद्यालय**
विद्यालय घेराबार निर्माण	: **१ विद्यालय**
अभिभावक शिक्षा	: **६७ अभिभावक**
शिक्षामा ICT को प्रयोग सम्बन्धी तालिम	: **२० शिक्षक**
गुनासो सुनुवाइ समिति गठन	: **६ विद्यालय**
बाल अधिकार, बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी १ दिने तालिम	: **५ विद्यालय**
बाल विवाह विषयक सडक नाटक	: **३ विद्यालय**
पालिका स्तरीय बाल संजाल गठन	: **१ (मादी गा.पा.)**
बाल क्लवलाई सामग्री सहयोग	: **१० विद्यालय**

२.१.१ **ग्रामिण समुदायका विद्यार्थीहरूको शिक्षामा पहुँच अभिवृद्धिः**

बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने र विद्यालयमा नियमित बनाउने मुख्य उद्देश्यका साथ कार्यक्षेत्रका ४२ सामुदायिक विद्यालयका १०९५ बालबालिकाहरूलाई एक शैक्षिक सत्रका लागि आवश्यक



शैक्षिक सामग्रीहरू (कापी, पेन, पेन्सिल, इरेजर, सार्पनर, स्वेटर र झोला) वार्षिक रुपले स्थानीय सरकार, नौलो घुम्ती नेपालका कार्य समिति सदस्य, परियोजना व्यवस्थापन समिति, अभिभावक, शिक्षकहरूको समन्वयमा सहयोग गरिएको छ। यस सहयोगले अध्ययनरत विद्यार्थीहरूलाई विद्यालयमा निरन्तर रहन मदत गर्नुका साथै विद्यालय बिचमै छोड्ने (Drop out) दरलाई पनि क्रमिक रुपमा घटाउँदै लैजान सफल भएको छ। साथ साथै यस कार्यक्रमबाट अभिभावकहरूले बाल बालिकाको शैक्षिक सामग्री खरिदको आर्थिक भार कम भएको महसुस गरेका छन्। विद्यालयमा अध्ययनरत परियोजनाबाट प्रायोजित बाल बालिकाहरूका लागि वार्षिक रुपले शैक्षिक सामग्री सहयोगसँगै माध्यमिक शिक्षा परीक्षा उत्तिर्ण (SEE) २३२ प्रायोजित बाल बालिकाहरूका लागि प्रति विद्यार्थी रु. ३०००.०० का दरले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आइरहेको छ। यस सहयोगले बाल बालिकाहरूको उच्च शिक्षा अध्ययनमा सहयोग पुगेको छ।

२.१.२ विद्यालयको भौतिक तथा शैक्षिक स्तरोन्नतीमा सहयोग:

विद्यालयको भौतिक पक्षको स्तरोन्नतीले गुणस्तरीय शिक्षा प्राप्तिमा ठुलो सहयोग गर्ने भएको हुँदा परियोजनाले यस आर्थिक वर्षमा माछापुच्छ्रे वडा नं. ८ खोरामुखमा अवस्थित श्री शहिद हरिप्रसाद आ.वि. मा विद्यालयसँगको साझेदारीमा घेरावार निर्माण कार्य सम्पन्न गरेको छ जसमा परियोजनाको तर्फबाट रु. ३९,५१०.०० को सामग्री तथा प्राविधिक सहयोग भएको थियो। घेराबार निर्माण पश्चात छाडा चौपाया, अनाधिकृत व्यक्तिहरू तथा विद्यालय सुरक्षित भएको कुरा विद्यालयको प्र.अ. बलराम रानाभाटले व्यक्त गरे।



शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई परियोजनाले प्राथमिकतामा राखेर विद्यालयमा विविध क्षमता विकास तालिम, सामग्री सहयोग तथा अनुगमनका क्रियाकलापहरू गर्दै आइरहेको छ। यसै सन्दर्भमा मादी गा.पा.का ३ र माछापुच्छ्रे गा.पा. का १ गरी ४ विद्यालयमा कम्प्युटर मर्मत सम्भार कार्य पनि विद्यालयसँगको बजेट साझेदारीमा सम्पन्न गरेको छ। मर्मत कार्य सम्पन्न पश्चात विद्यालयको प्रविधि मैत्री दैनिक शिक्षण सिकाइ क्रियाकलाप नियमित रहेको कुरा प्रभात आ.वि. का प्र.अ. चन्द्रकान्त अधिकारीले बताए।

त्यसै गरी मादी गा.पा.को श्री हिमालय मा.वि. मादी ९, श्री जनकल्याण मा.वि. मादी १० र श्री राष्ट्रज्योति मा.वि. मादी ११ गरी ३ विद्यालयहरूका कक्षा १० लाई लक्षित गरी १।१ थान स्मार्ट बोर्ड जनप्रतिनिधि तथा नौलो घुम्ती नेपालका कार्यसमिति सदस्य बिनु कुमारी गुरुङ सहितको संयुक्त उपस्थितीमा साउन २०८१ मा रु. ४३१,९४४।०० को परियोजनाको लागतमा स्मार्ट बोर्ड हस्तान्तरण गरियो।

यसै गरी ICT मैत्री शिक्षण प्रविधिलाई विद्यालयस्तरमा जोड दिनका निम्ति मादी गा.पा.का परियोजना क्षेत्रका ९ विद्यालयका १० शिक्षकहरूको बिचमा ICT सम्बन्धी सिकाई आदान प्रदान सम्बन्धी छलफल कार्यक्रम सञ्चालन भयो। उक्त छलफलमा प्रविधि मैत्री शिक्षणका क्रममा भएका असल अभ्यास, चुनौति, समस्याहरू जस्ता विषयमा छलफल भएको थियो।

२.१.३ शौक्षिक क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धिः

विद्यालयहरूको शैक्षिक तथा भौतिक स्तरोन्नतिका साथै शैक्षिक क्रियाकलापलाई बालमैत्री तथा व्यवहारिक तवरले अगाडि बढाउनका लागि आधारभूत तहदेखि नै विविध सहयोग गर्दै आइरहेको छ ।



परियोजना वार्षिक कार्यक्रम अनुरुप मादी वडा नं. ८, ९, १० र ११ र माछापुच्छ्रे वडा नं. ८ र ९ का ३० प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरूसँग एक अर्का बिचको सिकाई, असल अभ्यास तथा चुनौतीहरूको आदान प्रदाग गर्ने उदेश्यले २ चरणको अर्ध वार्षिक बैठक सञ्चालन क्रमशः साउन र कात्तिक २०८० मा ३ समूहमा परियोजनाको कार्यक्रम अधिकृतको सहजिकरणमा सञ्चालन भयो । उक्त अन्तरक्रिया कार्यक्रममा परियोजना अधिकृतले सहजकर्ताको रूपमा प्रारम्भिक बालविकास सिकाइ र खेल सामग्रीको सञ्चालन र प्रयोगमा संक्षिप्त अभिमुखीकरण प्रदान गर्नुका साथै समग्र शैक्षिक अपेक्षाको बारेमा छलफल गरिएको साथै GNI Nepal बाट उपलब्ध उपलब्ध गराइएको प्रारम्भिक बाल विकास, सिकाइ र खेल सामग्रीको पुस्तिका समेत सहभागी सहजकर्तालाई उपलब्ध गराइयो ।

गुणस्तरीय शिक्षा प्राप्तिका लागि विद्यालय, शिक्षक जस्तै अभिभावक पनि समान जिम्मेवार हुनु पर्ने अभिप्रायले यस आ.व.मा ६ चरणको अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरियो । श्री बाराही आ.वि. माछापुच्छ्रे वडा नं. ८ र श्री प्रभात आ.वि. मादी ८ मा क्रमशः ३।३ चरणको कार्यक्रमहरू साउन देखि कात्तिक २०८० मा GNI Nepal बाट प्राप्त निर्देशिका तथा तालिम अनुरुप ६७ जना अभिभावकहरूको उपस्थितिमा सञ्चालन गरियो । उक्त अभिमुखिकरण कार्यक्रममा असर अभिभावकीय सिप, बालबालिकामा समयको लगानी, सकारात्मक व्यवहार, विद्यालय भेटघाट, शिक्षकसँगको अन्तरक्रिया लगायतका विषयवस्तुले बालबालिकाको शिक्षामा पर्ने सकारात्मक प्रभावहरूमा बारेमा जानकारी प्रदान पश्चात गरियो । कार्यक्रमको समापन पश्चात अभिभावकले विद्यालय तथा शिक्षकसँगको भेटघाट, गृहकार्यमा सहजिकरण, बालबालिकाहरूको सर-सफाईमा क्रमशः सुधार हुँदै आएको श्री बाराही आ.वि. का शिक्षक धन बहादुर गुरुङले बताए ।



त्यसै गरी मादी गा.पा.का ३, ८, ९, १० र ११ वडाका १० विद्यालयहरूको २० शिक्षकहरूलाई ३ दिने शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोग विषयक तालिम जिल्ला स्तरमा बाह्य प्रशिक्षकको सहजिकरणमा सञ्चालन भएको थियो । तालिमबाट प्राप्त ज्ञान तथा सिपले दैनिक शिक्षण सिकाई, अतिरिक्त क्रियाकपाल सञ्चालन, फारम भर्न, प्रशासनिक कार्य गर्न तथा विद्यार्थीहरूमा सिकाई पनि दीगो हुन कुरा सहभागी मध्ये एक श्री जनकल्याण मा.वि.का सहायक प्र.अ. हरिहर सुबेदीले विश्वास व्यक्त गरे ।

२.१.४ बाल संरक्षण सम्बन्धि स्थानीय स्तरमा क्षमता अभिवृद्धिः

परियोजनाले बाल संरक्षणको क्षेत्रलाई पनि प्राथमिकतामा राखी विविध कार्यक्रमहरू गर्दै आइरहेको छ । यसै सन्दर्भमा स्थानीय तहमा बाल संरक्षणको संयन्त्रलाई सुदृढिकरणका लागि यस आ.व.मा मादी को २, माछापुच्छ्रे गा.पा.को २ र अन्नपूर्ण गा.पा. को २ गरी ६ विद्यालयहरूमा गुनासो सुनुवाई कार्यविधि २०७४ अनुरुप १ दिने

अभिमुखिकरण कार्यक्रम सञ्चालन पश्चात समिति गठन गरियो ।

बाल अधिकार, बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी १ दिने तालिम बाल क्लवका पदाधिकारीहरूका लागि मादी गा.पा.को २, माछापुच्छ्रे गा.पा.को २ र अन्नपूर्ण गा.पा.को १ गरी ५ विद्यालयहरूमा १०५ विद्यार्थीहरू तथा संरक्षक शिक्षकहरूको सहभागितामा सञ्चालन भएको थियो । बाल अधिकारका ४ स्तम्भ, बाल अधिकारका अवधारण, चुनौती, बाल विवाहका असरहरू जस्ता विविध विषयमा असोज २०८१ मा परियोजनाका कर्मचारीहरूको सहजिकरणमा सम्पन्न भयो ।



बाल विवाहको अवस्थालाई न्यूनिकरणका लागि यस आ.व.मा मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिका क्रमशः बालकल्याण आ.वि., हिमालय मा.वि. र गौरीशंकर मणिलाल मा.वि.का बालक्लवहरूको सहभागिता तथा संरक्षक शिक्षकहरूको सहजिकरणमा **"चुँडालिएको बाल विवाहको पासो"** नामक नाटक कात्तिक २०८० मा प्रदर्शण गरियो । उक्त नाटक प्रदर्शणमा विद्यार्थी, शिक्षक, अभिभावक तथा जनप्रतिनिधि गरी १८७ जनाको उपस्थिति रहेको थियो । नाटकमा बाल विवाहले गर्दा निम्त्याउने जतिलता, कानुनी प्रावधान, सजाय, शिक्षाको अवसरबाट बन्चितिकरण, स्वास्थ्यमा आउने जतिलता, स्थानीय तहमा न्यायिक समितिको जस्ता प्रमुख विषयमा सन्देश प्रदान गरिएको थियो । नाटक समापन पश्चात भुमिकामा रहेका सबै सहभागिहरूलाई स्थानीय जनप्रनितिधि, संस्थाका कार्यकारी निर्देशक, विद्यालयको तर्फबाट प्रमाण पत्र प्रदान समेत गरियो ।

"बाल बालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी" भन्ने नारालाई आत्मसात गर्दै ५९औँ राष्ट्रिय बाल दिवस सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशसँगको समन्वयमा बालबालिकासँग मुख्यमन्त्री कार्यक्रम २९ भाद्र २०८० पोखरामा सम्पन्न भयो । यस प्रदेशको ११ जिल्लाबाट प्रतिनिधि मुलक रुपमा ७८ बाल बालिकाको उपस्थितिमा प्रदेशबाट बाल बालिकाको हक, अधिकार सुनिश्चितताका लागि भएका प्रयासहरूको विषयमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसँग प्रश्नोत्तर कार्यक्रम भएको थियो ।



यसै गरी बाल अधिकारका विषयमा स्थानीय तहले व्यवस्थापन गरेका नीति तथा कार्यक्रम र बाल बालिकाका सवालहरूको पालिका स्तरबाट हुँदै आएको र हुनु पर्ने सम्बोधनका विषयमा अन्तरक्रियाका लागि बाल कचहरी कार्यक्रम सम्पन्न भयो । उक्त कचहरी कार्यक्रम अन्पूर्ण र माछापुच्छ्रे गाउँपालिकामा मंसिर २०८० मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, पालिकाको बाल बालिका शाखा प्रमुख, १० सामुदायिक विद्यालयका प्र.अ. शिक्षक तथा बालक्लवका पदाधिकारीको उपस्थितीमा प्रश्नोत्तर कार्यक्रम सञ्चालन भएको थियो । बाल बालिकाहरूले विषेशतः बालमैत्री शिक्षण सिकाइका लागि सामग्रीको पर्याप्ता, शिक्षकहरूको दिने दण्ड तथा सजाय र व्यवहार, विद्यालयसम्मको भौगोलिक कठिनाई, बाल क्लवका लागि क्षमता विकास तालिम जस्ता विषयमा छलफल भएको र पालिकाले बालबालिकाको क्षेत्रमा गर्दै आएको कार्यहरूको बारेमा जानकारी दिए । कार्यक्रमको सहजिकरण राष्ट्रिय बाल अधिकार परिषद्का समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले गरेका थिए ।

बालअधिकारका क्षेत्रहरूको सुनिश्चितता तथा सचेतनाका लागि मादी गाउँपालिकासँगको सहकार्यमा गाउँपालिका भरीका १३ वडा विद्यालयहरूमा १ दिने बाल अधिकार, बाल संरक्षण तथा बाल विवाह सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन असार २०८१ मा सञ्चालन भयो । उक्त कार्यक्रमबाट विद्यार्थी, अभिभावक तथा शिक्षक गरी ७२८ जना लाभान्वित भएका थिए । त्यसै गरी परियोजनाले मादी गाउँपालिकासँगको साझेदारीमा गाउँपालिकाको कार्यविधि अनुरुप जेठ २०८० मा पालिका स्तरीय बाल संजाल गठन समेत यसै आर्थिक वर्षमा सम्पन्न गरियो ।

विद्यालयमा स्थापना गरिएका बाल क्लवहरूले गर्दै आएका गतिविधिहरू जस्तै मासिक भित्तेपत्रिका प्रकाशन, अतिरिक्त क्रियाकलाप तथा बैठक सञ्चालनलाई निरन्तरता दिनका लागि परियोजनाले मादी गाउँपालिकाका १० विद्यालयहरूमा चार्ट पेपर, ग्लुस्टिक, कलर पेपर, साइन पेन जस्ता मसलन्द जन्य सामग्री असार २०८१ मा सहयोग भयो । सहयोग पश्चात बालक्लवको सक्रियतामा मासिक रुपमा भित्तेपत्रिका प्रकाशन गर्दै आइरहेका छन् ।

२.२ जिविकोपार्जन

प्राकृतिक खेती अगुवा कृषक	: **१० जना**
प्राकृतिक खेती कृषक	: **२०० जना**
बिउबिज सहयोग	: **२०० जना**
कृषि जन्य सामग्री सहयोग	: **३० जना**
घुम्तीकोष रकम	: ९,००,४५०.००
सफ्टवेयर नविकरण शुल्क	: **रु. १२०,०००.००**

२.२.१ ग्रामिण सहकारीहरूको स्तरोन्नतीमा सहयोग :

आयआर्जनमा सहयोग गर्न परियोजनाले कास्की जिल्ला भित्र रहेका परियोजनाको कार्य क्षेत्रमा पर्ने विपन्न वर्गहरूलाई जिविकोपार्जनका कार्यक्रमहरूमा आवद्ध गर्दै सहयोग गर्न कास्कीका निम्न सहकारीसँग सहकार्य गर्दै आएको छ ।

क्र.सं.	सहकारीको नाम	स्थान
१	कान्छी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका, ६, लुम्ले, कास्की
२	तोल्का वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका, ७, तोल्को, कास्की
३	तोगीलम्तरी कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका ११, सैमराङ्ग, कास्की
४	मर्दीबराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	माछापुच्छे गाउँपालिका, ८, लुम्रे, कास्की
५	पञ्चधाम कृषी विकास सहकारी संस्था लि.	अन्नपुर्ण गाउँपालिका, ४, देउराली, कास्की
६	मिजुरेमिलन कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका ८, नागिधार, कास्की

जिविकोपार्जन सहज बनाउन परियोजनाले सहकारीमा आवद्ध अति विपन्न वर्गका शेयर सदस्यहरूलाई व्यवसायिक सिप प्रदान गरी सहयोगका कार्यक्रम गर्दै आएको छ । सहकारीले पनि आफ्नो कार्यक्षेत्रमा रहेका विपन्न वर्ग तथा परियोजनाबाट सहयोग गरिएका बालबालिकाका घरधुरीलाई सहकारीमा आवद्ध गर्दै आवश्यक वित्तीय सहयोग गर्दै आइरहेको छ । ग्रामीण समुदायको विकास तथा विपन्न वर्गको जिविकोपार्जनमा सहयोग गर्ने उद्देश्यका साथ स्थापना भएका माथिका ६ सहकारीहरूको सुदृढीकरणका लागि यस आर्थिक वर्षमा घुम्तीकोष सहयोग कार्यक्रम, सहकारी व्यवस्थापन सहयोग, प्राकृतिक खेती, अगुवा कृषक तालिम, कृषकलाई बिउ सहयोग, कृषकलाई बिउ सहयोग, सहकारी सञ्जाल बैठक, सहकारी मूल्याङ्कन, सहकारीको व्यवसाय घुम्तीकोष सहयोग क्षमता तालिम प्रदान गरेको छ ।

२.२.२ प्राकृतिक खेती प्रणालीमा क्षमता विकास तथा स्तरोन्नती:



प्राकृतिक खेती भनेको रसायनिक मल र कीटनाशकको प्रयोग नगरी खेती गर्ने एक विधि हो । यसले प्राकृतिक स्रोतहरूको प्रयोग गरेर कृषि उत्पादन गर्नमा ध्यान केन्द्रित गर्दछ । प्राकृतिक खेती प्रणालीमा कुनै पनि रसायनिक मल विषदी प्रयोग नगरी स्थानीय वस्तु प्रयोग गरेर खेती गर्ने गरिन्छ । माटोमा भएका सुक्ष्म जीवहरूको प्रवद्धन तथा नयाँ सुक्ष्म जीवहरू थप गरी बिरुवाका लागि आवश्यक खाद्य तत्वहरूको आपुर्ती गर्ने प्रणाली अनुरुप खेती गरिन्छ। यसका लागि स्थानीय वस्तु प्रयोगको सिद्वात अनुसार: *१ **जैविक छापो**, २. **सुक्ष्मजिबहरू (IMO)**, ३ **न्युन खनजोत वा बिना खनजोत र ४ कम्पोष्ट, जैविक बिषदी।*** यस खेती प्रणालीले बालीको उत्पादन लागतमा कमी हुने साथै उत्पादनमा दीगोपना र क्षमता बढाउनुका अतिरिक्त खेतीमा स्थायित्व आउनुका साथै माटोमा सुक्ष्मजिबहरू बृद्धि गराउँदछ । यस बाहेक नेपाल जस्तो बिकासोन्मुख राष्ट्रमा मल, बिषदीको अभाबलाई समाधान गराउन समेतमा सहजिकरण गर्दछ । साना आकारका कृषक घरधुरीको संख्या अधिक भएको, पारिवारिक प्राकृतिक खेती प्रणालीमा आधारित साना तथा मझौला कृषकहरू बाली तथा पशुपालन दुवै कर्महरू गर्ने गरेका र स्थानीय स्तरमा विभिन्न प्रकारका वानस्पतिक जडीबुटीको प्रचुर उपलब्धता भएको हाम्रो जस्तो भूगोल बढी भएको देशमा शून्य बजेट वा शून्य लागत प्राकृतिक खेतीलाई स्वस्थ्य खाद्य वस्तु उत्पादन, वातावरणको संरक्षण तथा रोजगारी सिर्जनाको एउटा सम्भावनाको रुपमा लिई यसै मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकासमा सहयोग पुग्न सक्ने देखिन्छ । यसै गरी परियोजनाको कार्य क्षेत्रमा पर्ने अन्नपूर्ण, मादी र माछापुच्छ्रे गाउँपालिका १० अगुवा कृषकहरूलाई यस वर्ष पनि जिविकोपार्जन कार्यक्रम अर्न्तगत प्राकृतिक खेती तालिममा आवद्ध गर्दै आयआर्जनमा सहयोग गर्न अगुवा कृषक तालिम सम्पन्न गरिएको छ ।



त्यस्तै परियोजनाको कार्य क्षेत्रमा कृषकहरूलाई २ पटक गरी बिभिन्न मौसमी तरकारीका बिउ कृषकलाई बिँउ सहयोग गर्दा कृषकहरूको उत्पादन क्षमता वृद्धि गर्न र खाद्य सुरक्षा सुनिश्चित गर्न महत्तपूर्ण छ । यहाँ केही तरिकाहरू छन् जसले कृषकलाई बिँउ सहयोग गर्न सकिन्छ बिउको गुणस्तर उच्च गुणस्तरका साग, सिमी, मुला, गोलभेडा र भुईकटहरका बिउहरू उपलब्ध गराई, उत्पादनमा वृद्धि गर्न मद्दत गरेको छ । कृषकहरूको समूह गठन गरेर सामूहिक रूपमा प्राविधिक सहयोग समेत परियोजनाबाट सहयोग भएको छ । यसरी कृषकलाई बिउ सहयोग गर्दा कृषकहरूको उत्पादन र आम्दानीमा सुधार ल्याउन सकिन्छ जस अर्न्तरगत ११२ जना लाई १ पटक र २०० जना प्राकृतिक खेती कृषकहरूलाई दोस्रो पटक बिउ सहयोग सम्पन्न गरिएको छ । यसै गरी प्राकृतिक खेती प्रणालीमा आवद्ध विभिन्न ३० कृषकहरूलाई प्राकृतिक खेती तालिम कार्यक्रम अर्न्तगत कृषि सामग्री हजारी, टनेल ड्रम लगाएतका कृषी सामाग्री बितरण कार्यक्रम सम्पन्न गरियको छ । आयआर्जन परियोजना अर्न्तगतका लाभान्वित कृषकहरूलाई प्राकृतिक खेती प्रणालीमा उत्प्रेरित गराई व्यवसायिकरण गर्न तालिम तथा सहजिकरणका लागि यस वर्ष कार्यक्षेत्र भित्रको मादी गाउँपालिका वडा नं. ९, १० र ११, माछापुछ्रे ८ र ९ त्यसै गरी अन्नपूर्ण गाउँपालिका ४, ६ र ७ का कृषकहरूलाई प्राकृतिक खेती प्रणालीमा आधारित साना तथा मझौला कृषकहरू बाली तथा पशुपालन दुवै कृषि गर्दै आएका कृषकहरूलाई प्राकृतिक खेतीमा स्वस्थ्य खाद्य वस्तु उत्पादन, वातावरणको संरक्षण तथा रोजगारी

सिर्जनाको एउटा सम्भावनाको रुपमा लिई यसै मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकासमा सहयोग पुग्न सक्ने गरी १० जना स्रोत व्यक्ति परिचालन गरिदै आइरहेको छ ।

२.२.३ सहकारीको स्तरोन्नतीमा सहयोग:

परियोजनाले सहकारी मार्फत व्यवसाय सञ्चालन गर्न कृषि, लघु उद्यम सञ्चालनका लागि सीप भएर पनि लगानीको अभावमा व्यवसाय गर्न नसकेका विपन्न व्यक्तिहरूलाई सहयोग गर्दै आएको छ । यस आर्थिक वर्षमा ३६ जना विपन्न व्यक्तिहरूको व्यवसायिक योजना तयार गरी सहकारी मार्फत बिभिन्न उल्लेखित व्यवसायमा ३ जनाले भैँसीपालन, ९ जनाले बाख्रापालन, २ जनाले गाईपालन, २२ जना तरकारी खेती व्यवसाय सञ्चालन गरिरहेका छन् । ६% व्याजदरमा ऋण प्राप्त गरेका थिए भने लाभान्वित व्यक्तिहरूले घुम्तीकोष मात्र सहयोग प्राप्त गरेका थिए । स्व लगानीबाट व्यावसाय गर्न नसक्नेलाई म जस्ता व्यक्तिहरूलाई घुम्ती कोष मार्फत प्राप्त रकमबाट व्यवसाय स्थापना गरी आयआर्जन गरिरहेका अन्नपूर्ण ४, भदौरेका तरकारी कृषक बेलबहादुर वि.क. ले बताएका छन् ।

२.२.४ सहकारी व्यवस्थापनमा सहयोग:

परियोजनाले विगतका वर्ष जस्तै सहकारी व्यवस्थापनका लागि २०७९ फागुन १९ गते देखी ६ वटै सहकारीलाई सहकारी व्यवस्थापन सहयोग स्वरुप सहकारीका व्यवस्थापकलाई मासिक प्रति सहकारी रु. ३,५००।०० का दरले व्यवस्थापक सहयोग खर्च सहयोग प्रदान गर्दै आएको छ । अघिल्लो वर्षको सहकरी मूल्याङ्कनले सहकारीहरूले पठाउनु पर्ने कागजपत्र र प्रतिवेदन धेरै भएकाले कर्मचारीको तलब सहकारीमा सहयोग गरिने सो रकम प्रदान गरिएको हो । हाल सम्म परियोजनाले सहकार्य गर्ने सबै ६ वटै सहकारीलाइ जनवरी २०२४ देखी सहकारी व्यवस्थापन सहयोग स्वरुप न्युनतम चुक्ता दर ९०% हुने शर्तमा भुक्तानी गर्दै आइरहेको छ । सहकारीको आय व्यय विवरणलाई चुस्त दुरुस्त राख्नका लागि परियोजनाले गुरु सफ्टवेयर मार्फत कार्य सञ्चालनमा सहजिकरण गरेको छ । सफ्टवेयर नबिकरण सहयोग स्वरुप परियोजनाले विगतको वर्ष जस्तै सहकारीका व्यवस्थापकलाई वार्षिक प्रति सहकारी रु. २४,०००.०० का दरले सहयोग उपलब्ध गराएको छ । यस आ.व.मा परियोजनाले, गुरु सफ्टवेयर वार्षिक नबिकरण सहयोग कार्यक्रम मर्दी बराह सहकारी बाहेक पाँच सहकारीको परिचालन दक्षता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । कार्यक्रमले यी सहकारीहरूले प्रयोग गरेको सफ्टवेयरको लागि निरन्तर प्राविधिक सहयोग गरेको छ । सफ्टवेयर अद्यावधिक र कार्यशील रहेको सुनिश्चित गर्दै कार्यक्रमले सहकारीहरूको व्यवस्थापन र प्रशासनिक क्षमताहरू सुधार गरेको र तिनीहरूका शेयर सदस्यहरूलाई प्रभावकारी सेवा प्रदान गर्न सहज भएका कुरा श्री तोल्का वचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक रेबन मगरले बताए । परियोजनाका कार्यक्षेत्रका ६ वटा सहकारी मध्य ६ सहकारीका अध्यक्ष तथा व्यवस्थापकहरू सँग घुम्तिकोषको लगानी तथा असुलीको अवस्था, सहकारीको समग्र विषयमा छलफल गरी सन् २०२४ सम्म लगानीमा रहेको घुम्तिकोषलाई असुली गरी पुनः लगानी गर्ने गरी सहकारी सँग सम्झौता गरियो । उक्त बैठकमा १२ जनाको सहभागी रहेको थियो साथै बैठकले सबै सहकारीमा चुक्ता दर ९०% पुऱ्याउने र जिल्ला प्रतीनिधी समेत छनौट गरी सहकारी सञ्जाल केन्द्रमा पठाउन सिफारिस गरिएको थियो ।

२.३ जन स्वास्थ्य:

सामान्य स्वास्थ्य परीक्षण	: १३२७ **बालबालिका**
म.स्वा.स्व.से. परिचालन	: १६ **म.स्वा.स्व.से.**
WASH FIT तालिम	: २४ **जना**
स्वास्थ्य संस्था व्यवस्थापन समिति	: ४२ **जना**
प्राथमिक उपचार बक्स	: १३ **म.स्वा.स्व.से.**
किशोरीहरू महिनावारी स्वच्छता व्यवस्थापन	: १४१ विद्यार्थी
युरोगार्ड फिल्टर सहयोग	: ७ स्वस्थ्य संस्था
WASH Maintenance Took Kit	: ७ **स्वास्थय संस्था**
डस्टबिन सहयोग	: ८ स्वास्थ्य संस्था

२.३.१ ग्रामिण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग:

कार्यक्षेत्रमा रहेका जन स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गर्न परियोजनाले निम्न स्वास्थ्य संस्थासँग सहकार्य गर्दै आएको छ ।

क्र.सं.	स्वास्थ्य संस्थाको नाम	कार्य क्षेत्र
१	मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका ८, नागिधार
२	मिजुरे स्वास्थ्य चौकी	मादी गाउँपालिका ९, गोंजे
३	भाचोक स्वास्थ्य चौकी	मादी गाउँपालिका १०, भाचोक
४	थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका १०, थुम्सीकोट
५	सैमराङ्ग स्वास्थ्य चौकी	मादी गाउँपालिका ११, सैमराङ्ग
६	भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र	माछापुच्छे गाउँपालिका ६, भेडाबारी
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र	माछापुच्छे गाउँपालिका ८, ठाँटी
८	ल्वाङ सामुदायिक स्वास्थ्य इकाई	माछापुच्छे गाउँपालिका ८, ल्वाङ
९	ल्वाङघलेल स्वास्थ्य चौकी	माछापुच्छे गाउँपालिका ९, सैतीखोला
१०	सल्यान स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ४, सल्यान
११	लुम्ले स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका ६, माझगाँउ
१२	तोल्का सामुदायिक स्वास्थ्य इकाई	अन्नपूर्ण गाउँपालिका ७, तोल्का

प्रत्येक वर्षहरूमा जस्तै यस वर्ष पनि बालबालिकाहरूको स्वास्थ्य अवस्थाका बारे जानकारी प्राप्त गर्नका लागि स्थानीय स्वास्थ्य संस्था तथा विद्यालयहरूसँग समन्वय गर्दै बालबालिकाहरूको सामान्य स्वास्थ्य परीक्षण गरियो । यस आर्थिक वर्ष २०८०/८१ मा सामान्य स्वास्थ्य परीक्षण सन्चालनबाट १३२७ नन्स्पोन्सर बालबालिका सहित बालबालिकाहरू लाभान्वित भएका छन् । स्थानिय स्वास्थ्य संस्थाबाट वार्षिक रुपमा स्वास्थ्य परीक्षण गर्दै जाँदा बालबालिकाहरूमा स्वास्थ्य जाँच तर्फ चासो बढेको छ भने अभिभावकहरूले पनि समय समयमा आफ्ना बालबच्चाको स्वास्थ्य जाँच गर्नुपर्ने बिषयमा जानकार भएका छन् ।

२.३.१ स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि:

महिला स्वास्थ्य स्वंयम सेविका (म.स्वा.स्व.से.) भनेका समुदायमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सहजिकरणका लागि एक अभिन्न अंगका रुपमा रहेका हुन्छन् । यस आ.व.मा परियोजनाले मादी ५ र ९ का क्रमश: मादिबेसी आधारभूत स्वास्थ्य सेवा केन्द्र (आ.स्वा.से.के.) र मिजुरे स्वास्थ्य चौकीका म.स्वा.स्व.से. लाई जेठ देखि मंसिर २०८१ सम्म हरेक महिना स्वास्थ्य आमा समूह बैठकहरू सञ्चालनार्थ परिचालन हुँदै आएको र निरन्तरता दिने योजना रहेका छ । सम्बन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूले सम्बन्धित समुदायहरूमा नियमित स्वास्थ्य आमा समूह बैठकहरू सञ्चालन भएको सुनिश्चित गर्न मासिक रूपमा उनीहरूको परिचालनको अनुगमन गर्ने गरिरहेका छन् । यसै गरी बैशाख २०८१ मा मादिबेसी आधारभूत स्वास्थ्य सेवा केन्द्र का ७ र मिजुरे स्वास्थ्य चौकीका ९ गरी १६ म.स्वा.स्व.से.हरूलाई स्वास्थ्य आमा समूहको घुम्ती बैठक सञ्चालनका लागि १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन भए पश्चात सम्बन्धित म.स्वा.स्व.से.ले आफ्नो समुदायमा नियमित रुपमा समयानुकुल सन्देश तथा सूचनामूलक बैठक सञ्चालन सञ्चालन गर्दै आइरहेको छ ।

२.३.२ स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्था ब्यवस्थान समितिका पदाधिकारीहरूलाई ३ दिने तालिम WASH FIT तालिम:

(Water, Sanitation and Hygiene Facility Improvement Tool) सम्बन्धी विस्तृत ३ दिने तालिम ६ देखि ८ असार २०८१ मा मादी गाउँपालिका ५, चितेपानीमा सम्पन्न भयो । कार्यरत स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारी गरी २४ जनाको सहभागीहरूलाई स्वास्थ्य सुविधाहरूको आवश्यकतालाई

प्रभावकारी रूपमा प्राथमिकतामा राख्न आवश्यक ज्ञान र सीपहरू, श्रोतको विनियोजन र स्वास्थ्य सुविधाहरूमा दिगो सेवा प्रवाह सुधार गर्ने लक्ष्य जस्ता विषयमा छलफल भएको थियो । स्वास्थ्य सुविधाहरूमा सरसफाइ अभ्यासहरू बढाएर कर्मचारी, बिरामीहरू र आगन्तुकहरूको लागि सुरक्षित र स्वस्थ वातावरण सुनिश्चित गर्न सन्देश दिनु नै तालिमको प्रमुख लक्ष्य रहेको थियो ।

स्वास्थ्य संस्था व्यवस्थापन समिति (HFOMC) स्वास्थ्य संस्था प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रमुख स्तम्भ हो । परियोजनाले माछापुच्छ्रे गाउँपालिकामा अवस्थित ल्वाङ्घलेल स्वास्थ्य चौकी, भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र, र मादी गाउँपालिकामा रहेको थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सैमराङ स्वास्थ्य चौकीका व्यवस्थापन समितिका सदस्यहरूका लागि साउन देखि असोज २०८० सम्बन्धित स्वास्थ्य संस्था मै १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

२.३.३ किशोर यौन र प्रजनन स्वास्थ्य सम्बन्धि तालिम :

यस कार्यक्रमको मुख्य उद्देश्य व्यवस्थापन समितिका सदस्यहरूलाई स्वास्थ्य र सरसफाई सम्बन्धित गतिविधिहरू र लक्ष्यहरू बारे सचेत गराउनु, स्वास्थ संस्था व्यवस्थापनको लागि व्यवस्थापन समितिको क्षमतालाई सुदृढ र निर्माण गर्नु, भूमिका र जिम्मेवारी बारे सचेत गराउनु र किशोर यौन र प्रजनन स्वास्थ्य (ASRH) र अन्य सामुदायिक स्वास्थ्य विषयमा कुल ४२ जनाको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको थियो ।

२.३.४ महिला स्वास्थ्य स्वयम सेविका परिचालन सहयोग :

महिला सामुदायिक स्वास्थ्य सेविका समुदायमा आधारित पहिलो सेवा साइट भएकाले स्वंयमसेविकाको माध्यमबाट आपतकालीन प्रतिक्रिया सुधार गर्ने र स्वास्थ्य सेवामा पहुँच बाढाउने उद्देश्यका साथ क्रमशः २२ असोज र १ कातिक २०८० मा अन्नपूर्ण गाउपलिका वार्ड ७ को तोल्का सामुदायिक स्वास्थ्य इकाई का ६ र मादी गाउँपालिका वडा नं. ८ का ७ गरी सम्बन्धित वडाका अध्यक्षहरूको रोहवरमा १३ स्वंयम् सेविकालाई प्राथमिक उपचार बक्स सहयोग भयो । उक्त प्राथमिक उपचार किट बक्स, सर्जिकल थर्मोमिटर, सर्जिकल सिजर र सर्जिकल टेप योगदान गरेको थियो भने अन्य सबै आवश्यक औषधि र प्राथमिक उपचार किट सम्बन्धित स्वास्थ्य संस्थाद्वारा हुने कुरा व्यक्त गर्दै प्राप्त सामग्रीले ग्रामिण क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा प्रवाहमा म.स्वा.स्व.से.लाई निकै सहज हुने कुरा अन्नपूर्ण गा.पा.का वडा अध्यक्ष तथा पालिका प्रवत्ताले बताए ।

२.३.५ किशोरीहरूको लागि विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन (MHM):

महिनावारी स्वच्छता व्यवस्थापन (MHM) सबै महिला र किशोर किशोरीहरूको लागि स्वच्छताको एक आवश्यक पक्ष हो । महिनावारी सरसफाई भनेको महिनावारीको समयमा गरिने एक स्वच्छ अभ्यास हो जसले महिलालाई प्रजनन र पिसाब नलीमा संक्रमण हुनबाट जोगाउन सक्छ । विशेष गरी, विद्यालय उमेरका छात्राहरूले धेरै स्वास्थ्य समस्याहरूको सामना गरिरहेका छन् जुन कमजोर महिनावारी स्वास्थ्य व्यवस्थापन अभ्यासहरूको कारण उत्पन्न हुन्छ जसले उनीहरूको शैक्षिक स्थितिलाई प्रत्यक्ष असर गर्छ । यस अवस्थालाई मनन् गर्दै श्री बहादुरे मावि अन्नपूर्ण गाउँपालिका-४ भदौरे देउराली, श्री गौरीशंकर मणिलाल माध्यमिक विद्यालय माछापुच्छे गाउँपाकिा-९, सौतिखोला र श्री प्रगतिशील मावि अन्नपूर्ण गाउँपालिका-४, सल्यान का किशोर किशोरीहरूलाई साउन २०८१ म १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका थियो ।

यस कार्यक्रमको मुख्य उद्देश्य विद्यालयका विद्यार्थीहरू, विशेष गरी किशोरीहरूलाई महिनावारी स्वच्ता व्यवस्थापन बारे सिकाउनु र स्वस्थ व्यवहार अभ्यास गर्न प्रोत्साहित गर्नु थियो । यसबाहेक, कार्यक्रमको उद्देश्य उनीहरूलाई अभिमुखीकरण कार्यक्रममा सिकेका कुराहरू लागू गर्न प्रोत्साहित गर्ने थियो । कुल १४१ किशोर किशोरीहरू महिनावारी स्वच्छता व्यवस्थापन बारे सचेत भए र उनीहरूले आफ्नो विद्यालय र समुदायमा उचित MHM अभ्यासहरू प्रवद्धन गर्न सक्षम भएका छन् र अरूलाई पनि यसलाई पालना गर्न प्रोत्साहित गरेको छ ।

मादी गाउँपालिकाका मादिबेसी आधारभूत स्वास्थ्य सेवा केन्द्र वार्ड-०५ मा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको

ब्येबस्थापन समितिका सदस्यहरूका लागि WASH FIT (स्वास्थ्य सुविधा सुधार उपकरणको लागि पानी र सरसफाई) सम्बन्धी विस्तृत ३ दिने तालिम ६ देखि ८ असार २०८१ सम्पन्न भयो । तालिमको सहजिकरण GNI Nepal का जनस्वास्थ्य प्रबन्धकले २४ जना स्वास्थ्यकर्मी र HFOMC सदस्यहरूको उपस्थितिमा गर्नु भएको थियो, जसले सहभागीहरूलाई स्वास्थ्य सुविधाहरूको आवश्यकतालाई प्रभावकारी रूपमा प्राथमिकतामा राख्न आवश्यक ज्ञान र सीपहरू, श्रोतको विनियोजन र स्वास्थ्य सुविधाहरूमा दिगो सेवा प्रवाह सुधार गर्ने लक्ष्य राखेको थियो ।

२.३.६ विद्यालय स्तरमा Behavioral Change and communication (BCC) तालिम:

व्यवहार परिवर्तन सञ्चार Behavioral Change and communication (BCC) भनेको वर्तमान सामाजिक अवस्थाका लागि उपयुक्त हुने सकारात्मक स्वास्थ्य व्यवहारलाई प्रवद्धन गर्न सञ्चार रणनीतिहरू विकास गर्न व्यक्ति, समूह वा समुदायसँगको कुनै पनि हस्तक्षेपको अन्तरक्रियात्मक प्रक्रिया हो । उचित व्यवहार संचार रणनीतिहरूले मानिसहरूलाई उचित स्वास्थ्य सेवाको बारेमा पर्याप्त ज्ञान प्राप्त गर्न र स्वस्थ जीवन बिताउन पर्याप्त कार्यहरू सुरु गर्न मद्दत गर्दछ । BCC गतिविधिहरूले मानिसहरूलाई वर्तमान जीवन शैलीको जोखिम बुझ्न र स्वस्थ जीवन शैलीमा परिवर्तन गर्न मद्दत गर्न जागरूक बनाउँछ । यसै सन्दर्भमा परियोजनले यस आ.व.मा श्री हिमालय माध्यमिक विद्यालय मादी गाउपलिका -९, गोर्जे र श्री बहादुर मावि अन्नपूर्ण गाउँपलिका ४, भदौरे देउरालीका विद्यालयका विद्यार्थीहरूलाई व्यवहार परिवर्तन सञ्चार अभिमुखीकरण गरेका थियौं । ७५ जना को सहभागितामा संचालित BCC कायक्रम मा सम्बन्धी जानकारी जस्तै व्यवहारिक अभ्यासहरू परिवर्तन गर्न सहज बनाउनु, विद्यार्थीहरूलाई सचेतना जगाउनु र स्वच्छता, सरसफाइ र स्वास्थ्यसँग सम्बन्धित सकारात्मक व्यवहार परिवर्तनहरू अपनाउने महत्वको बारेमा शिक्षित गर्नु र उनीहरूलाई सशक्त बनाउनु हो ।

२.३.७ स्वास्थ्य संस्थाको भौतिक स्तरोन्नती:

स्वास्थ्य चौकीको अवस्था विश्लेषण गरेपछि कार्यक्रमकै प्रमुख अंग रहेको WASH FIT कार्यक्रम सञ्चालन भइरहेका स्वास्थ्य संस्थामा पानी सुदृढीकरणको व्यवस्था नभएको पाइयो । यसै सन्दर्भमा WASH FIT कार्यक्रम अन्तर्गत स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चिताका लागि अवस्थालाई मध्यनजर गर्दै मादी गा.पा.को मिजुरे स्वा.चौ., मिजुरे आ.स्वा.से.के., भाचोक स्वा.चौ., थुम्सिकोट प्रा.स्वा.से.के., मादीवेसी आ.स्वा.से.के. र तारकाङ स्वा.चौ. १।१ थान गरी कुल ७ स्वास्थ्य संस्थामा कुल १,२०,०००।०० मुल्य बरावरको पानी शुद्धिकरणका लागि युरोगार्ड फिल्टर सहयोग परियोजनाबाट सहयोग भयो ।

त्यसै गरी परियोजनाले प्राथमिकतमा राखेको WASH FIT कार्यक्रम अन्तर्गत ७ वटा स्वास्थ्य संस्थामा मादी गा.पा. हात धुने स्थान Hand Washing Station निर्माणको कार्य भैरहेको अवस्थामा उक्त निर्माण पश्चात आवश्यक पर्ने सम्भावित सामान्य मर्मतका लागि प्रत्येक स्वास्थ्य संस्थामा १ सेट WASH Maintenance Took Kit सहयोग गरिएको छ । उक्त सहयोग मिजुरे स्वा.चौ., मिजुरे आ.स्वा.से.के., भाचोक स्वा.चौ., थुम्सिकोट प्रा.स्वा.से.के., मादीवेसी आ.स्वा.से.के., तारकाङ स्वा.चौ. र अन्नपूर्ण गा.पा.को लुम्ले स्वा.चौ.मा प्रदान गरिएको छ ।

परियोजनाले माछापुच्छ्रे गाउँपालिकामा भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ल्वाङ्गलेल स्वास्थ्य चौकी र ठाँटी आधारभूत स्वास्थ्य सेवा केन्द्र, अन्नपूर्ण गाउँपालिकाको लुम्ले स्वास्थ्य चौकी र तोल्का सामुदायिक स्वास्थ्य इकाई र मादी गाउँपालिकाको सैमराङ स्वास्थ्य चौकी र मिजुरे स्वास्थ्य चौकी गरी ८ वटा स्वास्थ्य संस्थालाई सहयोग भयो । स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापनका लागि छुट्टाछुट्टै रंगको डस्टबिन सहयोग भयो । त्यसै गरी भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र र सैमराङ स्वास्थ्य चौकीका उपकरणहरूलाई जीवाणु रहित बनाउनको लागि विद्युतीय अटोक्लेभ सहयोग गरिएको थियो । यस सहयोगको मुख्य उद्देश्य संक्रमण रोकथाम मार्गनिर्देशन पालना र स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन र सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु रहेको छ ।

विविध:

खाद्य सामग्री सहयोग	: ११९५ **बालबालिका**
जिल्ला समन्वय समिति अनुगमन	: १ **पटक**
परियोजना सल्लाहकार समिति बैठक	: १ **पटक**
पालिकासँगको समन्वय बैठक	: ३ **पटक**
सामाजिक परीक्षण	: २ पटक (मादी ८ र ९)

खाद्य सामग्री सहयोग:



विद्यालय स्तरमा पत्रु (Junk food) खाजालाई निरुत्साहित गर्ने उदेश्य यस आर्थिक वर्षमा परियोजना आवद्ध ११९५ प्रायोजित बालबालिकाहरूका लागि प्रति बालबालिका १० के.जी. गहुँको पिठो, २.५ के.जी चना र १ लिटर तोरीको तेल सहयोग गरिएको छ । सम्बन्धित पालिका प्रमुख, नौलो घुम्ती नेपालका कार्य समितिका उपाध्यक्ष मंगल नेपाली त्यसै गरी कार्य समितिका सदस्य ढुण्डीराज ज्ञवालीको उपस्थितीमा संचालित खाद्य सामग्री वितरण कार्यक्रमले विद्यालयमा पत्रु (Junk food) खाजालाई विद्यालयले पनि निषेध गरेको र यसमा परियोजनाले पनि थप सहयोग गरेको साथै यस्ता स्वास्थ्य वर्दक खाद्य पदार्थले विद्यार्थीमा स्वास्थ्यमा राम्रो प्रभाव पर्ने कुरा मादी गाउँपालिकाका अध्यक्ष देवी जङ गुरुङले बताए ।

जिल्ला समन्वय समितिको अनुगमन:



जिल्ला समन्वय समिति (जि.स.स.) कास्की, नौलो घुम्ती नेपालका कार्य समिति सदस्य बिनु कुमारी गुरुङ र मादी गाउँपालिकाका प्रतिनिधिको सहभागितामा मादी गाउँपालिका वडा नं ८ मा संयुक्त अनुगमन भ्रमण गरिएको थियो । अनुगमन जिल्ला समन्वय समिति (जि.स.स.) कास्कीका अध्यक्ष लिलाधर पौडेल, जिल्ला समन्वय अधिकृत नवराज बराल अनुगमन भ्रमणमा सहभागी थिए । पालिकाको तर्फबाट मादी गाउँपालिका ८ का वडाध्यक्ष प्रेम गुरुङले भ्रमणमा सहभागी भएको थियो । ९ मंसिर २०८१ मा सम्पन्न अनुगमन कार्यक्रममा मिजुरे मिलन कफी सहकारी संस्थाद्वारा सञ्चालित होजियारी व्यवसायको भ्रमण गरी स्वेटर तथा अन्य ऊनी उत्पादनको उत्पादन, यसको बजार र श्रमिकलाई हुने लाभका बारेमा छलफल गरेका भयो । त्यसपछि, हामी श्री प्रभात आ.वि. मादी ८, पाखुरकोट, कास्कीमा गयौं र परियोजनाद्वारा गरिएको सहयोग सामग्रीहरू अवलोकन गर्यौं जहाँ ECED कक्षा व्यवस्थापन सहयोग, स्मार्ट कक्षाकोठा समर्थन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, विज्ञान प्रयोगशाला र बाल क्लब प्रशिक्षणरवालपेपर पत्रिका प्रकाशन जस्ता सहयोगहरूको अनुगमन गरिएको थियो ।

सहायक प्र.अ. गञ्जमान गुरुङले आईसीटीको सहयोग र यसले विद्यार्थीमा पार्ने प्रभावका बारेमा जानकारी दिनुभयो भने अर्का शिक्षक मीनबहादुर भट्टराईले दैनिक शिक्षण सिकाइ क्रियाकलापमा विज्ञान प्रयोगशालाको प्रयोग र

यसको महत्व बारे जानकारी दिनुभयो । टोलीले विद्यालयसँग संक्षिप्त भेटघाट गरेको थियो जहाँ वि.व्य.स.का अध्यक्ष, अभिभावक र शिक्षक एचएम लगायतको सहभागिता थियो र जि.स.स कास्कीका प्रमुख लिलाधर पौडेलले प्र.अ.को अनुरोध अनुसार भवन निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने प्रतिबद्धता जनाएका थिए । त्यसैगरी टोलीले मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र, मादी ८ नागीधरको भ्रमण गरेको अनमी सुश्री शान्ति गुरुङले दुर्गम समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन परियोजनाले गरेको सहयोगका बारेमा जानकारी गराइन् ।

परियोजना सल्लाहकार समिति बैठक:



परियोजनाको कार्य क्षेत्रकापालिकाहरू र जिल्लाबाट प्रतिक्रिया र सुझाव सङ्कलन गर्न र कार्यक्रमलाई थप प्रभावकारी बनाउन तथा सम्भावित सहकार्य गर्न, जिल्ला परियोजना सल्लाहकार समिति (DPAC) बैठक ०८ पौष २०८१ मा जिल्ला समन्वय समिति (जि.स.स), कास्कीको सभाहलमा सञ्चालन भयो । बैठकमा जि.स.स. कास्कीका अध्यक्ष लिलाधर पौडेलको अध्यक्षतामा कार्यपालिकाका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, जिल्ला स्तरका सरोकारवाला, पत्रकार, नौलो घुम्ती नेपालका अध्यक्ष बद्री बिनोद खनाल, विषयगत कर्मचारी र प्रतिनिधिको उपस्थिति थियो । सान्दर्भिक प्रतिक्रियाहरू जस्तै परियोजनाका गतिविधिहरूको अनुमोदन, परियोजनाका कार्यरत पालिकाहरूको विस्तार, बाल संरक्षण गतिविधिहरू सुनिश्चित गर्न पालिकाहरूलाई बारम्बार फलोअप, र क्षेत्र मा जि.स.स.को अनुगमन जस्ता सुझावहरू बैठकबाट प्राप्त भयो ।

सामाजिक परीक्षण:



परियोजनाका गतिविधिलाई थप प्रभावकारी र प्रभावकारी बनाउन र सरोकारवालाहरू र लाभार्थीहरूबाट प्रतिक्रिया र सुझावहरू सङ्कलन गर्न, मादी गाउँपालिकाका वडा नं. ८ र ९ का कार्यालयहरूमा सामाजिक लेखापरीक्षण कार्यक्रमहरू बाह्य सामाजिक परीक्षक दिपेन्द्र श्रेष्ठको सहजिकरणमा पुष २०८० मा सम्पन्न भएको थियो । सुरुमा बाह्य लेखा परीक्षकलाई सामाजिक लेखापरीक्षणका विषयहरू प्रस्तुत गरिएको थियो । बजेट सहयोग, गाउँपालिकासँगको समन्वय, सहयोगी सामग्रीको दिगोपन, विद्यालयमा निरन्तर फलोअप, सहकारी, स्वास्थ्य सुविधा र बालक्लब क्लबहरू समुदायमा विस्तार गर्नुपर्ने सामाजिक लेखापरीक्षणको प्रमुख सुझावहरू प्राप्त भयो । नौलो घुम्ती नेपालका अध्यक्ष बद्री बिनोद खनालको अध्यक्षतामा भएको कार्यक्रममा सम्बन्धित वडा अध्यक्ष, लाभग्राहीहरूको उपस्थिति र GNI नेपालले अनुगमन गरेको थियो ।

पालिकाहरूसँगको समन्वय बैठक:

परियोजनाका सन् २०२४ का कार्यक्रमहरू सञ्चालनार्थ चैत्र २०८० मा मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकामा क्रमशः नौलो घुम्ती नेपालका अध्यक्ष बद्री बिनोद खनाल र उपाध्यक्ष मंगल बहादुर नेपालीको अध्यक्षता र सम्बन्धित पालिकाका प्रमुख तथा विषयगत शाखाहरूसँग समन्वय बैठक सञ्चालन गरियो । सन्



२०२३ मा सम्पन्न गरिएका क्षेत्रगत कार्यक्रमहरू, बजेट तथा लाभान्वितहरूको सम्पूर्ण विवरण तथा आगामी वर्षका प्रस्तावित कार्यक्रम तथा बजेट विवरण पेश गर्दै कार्यक्रमलाई थप प्रभावकारी तथा परिणाम मुखी बनाउनका लागि रचनात्मक सल्लाह तथा सुझावहरू सम्बन्धित पालिकाहरूबाट प्राप्त भयो । यसै सन्दर्भमा परियोजनाको रुपरेखा अनुरुप सन् २०२४ मा मादी गाउँपालिकालाई लक्षित गर्दै शिक्षामा सुचना तथा संचार प्रविधि, आय आर्जन कार्यक्रम अन्तर्गत प्राकृतिक खेती प्रणाली र स्वास्थ्य क्षेत्र अन्तर्गत WASH FIT कार्यक्रमहरूलाई सम्बन्धित पालिकासँगाको बजेट साझेदारीमा सञ्चालन गर्ने विषयमा छलफल भई साझेदारी गरियो भने अन्य पालिकाहरूमा नियमित कार्यक्रमहरू जस्तै प्रायोजित बालबालिकाहरूलाई शैक्षिक सामग्री सहयोग, सामान्य स्वास्थ्य परीक्षणका कार्यक्रमहरूलाई सञ्चालन गर्ने भनी साझेदारी भयो ।

दातृ निकायको अनुगमन:

परियोजनाले गर्दै आइरहेको कार्यक्रमको अनुगमनका लागि GNI Nepal को प्रबन्ध निर्देशक प्रकाश पाण्डे, स्वास्थ्य प्रवन्धक राम नरेश यादव लगायतको अनुगमन सदस्यहरू र नौलो घुम्ती नेपालका उपाध्यक्ष मंगल बहादुर नेपालीको उपस्थितीमा मादी गाउँपालिकाका क्रमशः वडा नं. १० र ११ मा अवस्थित विद्यालय, स्वास्थ्य संस्था, सहकारी अनुगमन तथा लाभग्राहीको घरधुरी भेटघाट संयुक्त रुपमा सम्पन्न भएको छ । अनुगमनमा श्री जनकल्याण मा.वि.को गणित प्रयोगशाला, थुम्सिकोट प्रा.स्वा.से.के.को ल्याव परीक्षण उपकरण, मादी ११ मा अवस्थित तोगी लम्तरी कफि सहकारी र श्री राष्ट्रज्योती मा.वि.मा हाल सम्म परियोजनाबाट प्राप्त बाल मैत्री कक्षाकोठा व्यवस्थापन, महिनाबारी स्वच्छता कुना, बाल क्लब परिचालन, भित्रै पत्रिका प्रकाशन जस्ता सहयोगको अनुगमन गरियो र अनुगमनबाट प्राप्त सुझावलाई कार्यान्वयनका लागि परियोजनालाई सुझाव दिइयो ।

समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की

परिचय:

नेपाल सरकार तथा स्वीस सरकारको बीच भएको सम्झौता अन्तर्गत सामुदायिक झोलुङ्गे पुल निर्माण एवंम मर्मत एक मुख्य कार्यक्रमको रुपमा रहेको छ । नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालय अन्तर्गत (डोलीडार) स्थानिय पुल शाखा तथा स्वीस सरकार विकास सहयोगकातर्फ बाट हेल्भेटासका Trail Bridge Suport Unit (TBSU) कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायको रुपमा रहेको थियो । हाल हेल्भेटास Trail Bridge Suport Unit (TBSU) को लक्ष्य प्राप्तिसँगै नेपाल सरकारले यस कार्यक्रमलाई मुख्य कार्यक्रममा लिएर प्रदेश स्तरमा पूर्वाधार निर्देशनालयको मातहतमा (PTAP) ले यस कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायका भूमिकामा छ । सामुदायिक झोलुङ्गे पुल कार्यक्रमको थालनी नेपालमा वि.स. २०४५ सालमा भएको थियो । कार्यक्रमको निरन्तरता एवम् दीगोपनको लागि स्थानिय स्तरमा सामुदायिक झोलुङ्गे पुल निमार्ण तथा बृहत मर्मत कार्य साथै क्षमता अभिबृद्धि गर्ने कार्यमा गैरसरकारी संस्थाको महत्वपूर्ण योगदान रहने गर्दछ ।

यस कुरालाई मध्यनजर गरी वि.स. २०७२ सालमा स्थानीय पुल कार्यक्रम र तत्कालीन जिल्ला विकास समिति कास्कीको संयुक्त निर्णयबाट नौलो घुम्ती नेपाललाई विधिवत रुपमा झोलुङ्गे पुल निर्माण कार्यको प्राविधिक तथा सामाजिक परिचालनमा सहयोगको जिम्मा पाएको थियो । हालको संघीय संरचना अनुसार उक्त कार्यक्रम स्थानीय निकायमा गाभिए सँगै कास्की र मनाङ जिल्ला भित्र रहेका क्रमशः रुपा गाँउपालिका, माछापुच्छ्रे गाँउपालिका, मादी गाँउपालिका, अन्नपूर्ण गाँउपालिका , पोखरा महाँनगरपालिका, नासाँ गाँउपालिका, चामे गाँउपालिका र नार्पा भूमि गाँउपालिकासँग यो कार्यक्रम निरन्तर रुपमा चलीरहेको छ ।

२. **कार्यक्रमको उदेश्य:**

यस कार्यक्रमको मुख्य उदेश्य आधा घाण्टाभन्दा बढिको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभुत सेवा (स्वास्थ्य, विधायलय, प्रशासनिक सेवा केन्द्र, पर्यटन प्रवर्धन, सम्बृद्धि आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरूमा पहुँच सुनिश्चित गराउनु रहेको छ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास निर्माण कार्यमा अभिप्रेरित गर्नेछ र साथै स्थानिय स्तरमा ज्ञान र शीपमा अभिबृद्धि गर्नेछ। झोलुङ्गे पुल निमार्ण कार्यले स्थानीय जनस्तरमा रोजगारी समेत उपलब्ध गराउने छ। यस कार्यक्रमले गरिवी निवारणमा टेवा पुचाउने अपेक्षा राखेको छ।

१. **समुदायमा आधारित झोलुङ्गे पुल निमार्ण कार्यक्रमका मुख्य उपलब्धीहरू:**

१. गत आर्थिक वर्ष २०७९/२०८० सम्ममा ५८ वटा र यस आर्थिक वर्ष २०८०/२०८१ मा ९ वटा गरी हाल सम्म ६७ झोलुङ्गे पुलहरू निर्माण सम्पन्न भएको छ।
२. हाल कास्कीमा ५ वटा र मनाङमा ६ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छ। साथै अन्य झोलुङ्गे पुलहरूको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ।
३. निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको नियमित मर्मत सम्भार लागि पुल हेरालो नियुक्ति भएको छ।

यस आर्थिक वर्षमा सम्पन्न पुलहरूको विवरण

क्र.सं.	पुलको नाम	लम्बाई	स्थान
१	धोती खोला ट्रस पुल	३० मि.	अन्नपुर्ण गा.पा.-५,६ नयाँ पुल, कास्की
२	सुन्टारी झोलुङ्गे पुल	९५ मि.	अन्नपुर्ण गा.पा.-२ पहिरे खोला, कास्की
३	इदी खोला झोलुङ्गे पुल	८६ मि.	माछापुच्छे गा.पा.-५, ८ खोरामुख, कास्की
४	कपुचे खोला झोलुङ्गे पुल	१२० मि.	मादी गा.पा.-१ हुगु, कास्की
५	हुगु नौले झोलुङ्गे पुल	१२० मि.	मादी गा.पा.-१ हुगु, कास्की
६	पलाचे खोला झोलुङ्गे पुल	९७ मि.	मादी गा.पा.-८ पोसि,कास्की
७	सिंगार खोला झोलुङ्गे पुल	८७ मि.	चामे गा.पा.-४ सिंगार खोला, मनाङ
८	चर्चे खोला झोलुङ्गे पुल	६६ मि.	चामे गा.पा.-१ तिवाङ,मनाङ
९	दानक्यु ठाडो खोला	७५ मि.	नासाँ गा.पा.-९ दानक्य,मनाङ

यस आर्थिक वर्षमा निर्माणाधीन अवस्थामा रहेका पुलहरूको विवरण

क्र.सं.	पुलको नाम	लम्बाई	स्थान
१	किरुञ्जे नेरगु झोलुङ्गे पुल	११९ मि.	अन्नपुर्ण गा.पा. -११ नेरगु, कास्की
२	घट्टे खोला झोलुङ्गे पुल	६० मि.	अन्नपुर्ण गा.पा. -७ तोल्का, कास्की
३	काली खोला सेती दोभान झोलुङ्गे पुल	१०१ मि.	पोखरा मा.न.पा. -१६,२० भुर्जुङ खोला, कास्की
४	भुर्जुङ खोला ट्रस पुल	३२ मि.	पोखरा मा.न.पा. -१९ भुर्जुङ खोला, कास्की
५	अलैचे सुरौदी खोला झोलुङ्गे पुल	१०९ मि.	पोखरा मा.न.पा. -२१ सुरौदी खोला, कास्की
६	रिङ्चिङ ची ट्रस पुल	३२ मि.	नार्पा भूमि गा.पा. -४ रिङ्चिङ ची, मनाङ
७	वागल खोला झोलुङ्गे पुल	१०५ मि.	नार्पा भूमि गा.पा. -४ फु गाउँ, मनाङ
८	डो कुलुङ झोलुङ्गे पुल	१११ मि.	नार्पा भूमि गा.पा. -५ डो कुलुङ, मनाङ
९	काङ्चे खोला झोलुङ्गे पुल	७५ मि.	नार्पा भूमि गा.पा. -२ काङ्चे खोला
१०	सिरान ताल झोलुङ्गे पुल	१२० मि.	नासाँ गा.पा. -१ ताल, मनाङ
११	मनास्लु बेसक्याम्प झोलुङ्गे पुल	११७ मि.	नासाँ गा.पा. -७ मिलेरेपा, मनाङ

हाल सम्म नौलो घुम्ती नेपालको समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम वाट पालिकाहरूमा निर्माण सम्पन्न भएका पुलहरूको संख्या

क्र.सं.	जिल्ला	पालिका	निर्माण सम्पन्न पुल संख्या	कैफियत
१	कास्की	अन्नपुर्ण गाउँपालिका, कास्की	१७ वटा	
		माछापुच्छे गाउँपालिका,कास्की	८ वटा	
		मादी गाउँपालिका,कास्की	१८ वटा	
		पोखरा महानगरपालिका,कास्की	१५ वटा	
		रुपा गाउँपालिका, कास्की	६ वटा	
२	मनाङ	चामे गाउँपालिका,मनाङ	२ वटा	
		नासौं गाउँपालिका,मनाङ	१ वटा	
		जम्मा	**६७ वटा**	

३. **अन्य नियमित गतिविधी तथा क्रियाकलाप**

- वार्षिक योजना तर्जुमा
- विस्तृत सर्वेक्षण
- डिजाइन तथा लागत अनुमान
- पालिका तथा उ.स. बीच सम्झौता
- प्राविधिक सहयोग
- प्रगति प्रतिवेदन
- पुल मर्मत संभार समितिको गठन
- सार्वजनिक सुनुवाई, सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण

५. **चुनौतीहरू:**

- सम्बन्धित जग्गा धनिबाट पुल निर्माणको लागि मन्जुरीनामा दिएपनि पुल निर्माणको क्रममा अनबश्यक दु:ख दिनु ।
- सम्बन्धित निकायबाट उचित बजेट ब्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।
- निर्माण समिति गठन गर्दा समावेशीताको भौगोलिक आधारमा गरिने हुदा निश्चित समयमा बैठक बोलाउँदा उपस्थित कम हुने गरेको ।

तस्विरहरू



धोती खोला ट्रस पुल अन्नपुर्ण गा.पा.–५, ६ नयाँ पुल, कास्की



सुन्टारी झोलुङ्गे पुल अन्नपुर्ण गा.पा.–२ पहिरे खोला, कास्की



इदी खोला झोलुङ्गे पुल माछापुच्छे गा.पा.–५, ८ खोरामुख, कास्की



कपुचे खोला झोलुङ्गे पुल मादी गा.पा.–१ हुगु, कास्की



पलाचे खोला झोलुङ्गे पुल मादी गा.पा.–८ पोसि, कास्की



हुगु नौले झोलुङ्गे पुल मादी गा.पा.–१ हुगु, कास्की



सिंगार खोला झोलुङ्गे पुल चामे गा.पा.-४ सिंगार खोला, मनाङ



चर्चे खोला झोलुङ्गे पुल चामे गा.पा.-१ तिवाङ, मनाङ



दानक्यु ठाडो खोला नासाँ गा.पा.-९ दानक्य, मनाङ



निर्माणाधीन अवस्थामा रहेको रिड्चिङ ची ट्रस पुल
नार्पा भूमि गा.पा.-४ रिड्चिङ ची, मनाङ

एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथाउपचार सेवाकार्यक्रम

परिचय

नौलो घुम्ती नेपालले महिला यौनकर्मी, तिनकाग्राहकहरू, समलिङ्गी पुरुषहरू, पुरुष यौनकर्मीहरू, तेस्रो लिङ्गी व्यक्तिहरू र एचआइभी संक्रमितहरूलाई लक्षित गरी इपिक नेपाल परियोजना (EpiC Nepal Project) अन्तरगत एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रम मार्फत् सन २०२० अक्टोवर देखि सेवा दिइ कार्यक्रम कास्की र तनहुँ जिल्लामा कार्यान्वयन गर्दै आइरहेको छ ।

यूएनएडस (UNAIDS) र नेपाल सरकार ले लिएको २०३० सम्ममा ९५-९५-९५ महत्वाकांक्षी लक्ष्यलाई नेपालले पनि पूरा गर्ने प्रतिवद्धता जाहेर गरेको छ । साथै सोहीअनुरुप राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले पनि त्यही अनुरुप २०२१ बाट २०२६ सम्मको लागि राष्ट्रिय एचआईभी रणनैतिक योजना बनाएर यही महत्वाकांक्षी लक्ष्य प्राप्तिका लागि काम गरिरहेको छ ।

सरकारले लिएको यस लक्ष्यलाई पूरा गर्न स्थानीय स्तरबाट हरेकको सहयोग चाहिन्छ । यसै अनुरुप नौलो घुम्ती नेपालले कास्कीबाट हातेमालो गरिहेको छ । कामगर्ने दौरानमा सरकारी निकाय तथा जिल्लामा कार्यरत अन्य संघ सस्थासँग समन्वय गरी एचआइभी संक्रमणको न्युनिकरणको काममा २००२ देखि नै काम गरिहेको अवस्था छ । हाल इपिक नेपाल परियोजना मार्फत एचआइभीको जोखिममा रहेकमा मुख्य समुदाय महिला यौनकर्मी, तिनका ग्राहकहरू, समलिङ्गी पुरुषहरू, पुरुष यौनकर्मीहरू, तेस्रोलिङ्गी व्यक्तिहरू र एचआइभी संक्रमितहरूलाई विभिन्न कार्यक्रमहरू गरिरहेको छ । उनीहरूलाई एचआईभी सम्बन्धी परामर्श तथा रक्त परीक्षण, यौनरोग परीक्षण तथा उपचार र एचआईभी संक्रमितहरूको लागि आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईरहेको छ साथै क्लिनिकबाट एचआईभी संक्रमण पत्ता लागेकाहरूलाई उपचारमा ल्याउनको लागि ART साईटमा PEER Navigator को साथमा पठाउने गरिएको छ ।

यस परियोजनाको प्रमुख उद्देश्य एचआईभी रोकथामको लागि मुख्य समुहहरूको (Key Population) पहिचान गरी एचआईभी परीक्षण गरी उपचारमा ल्याई संक्रमणलाई न्यूनिकरण गर्नुका साथै संक्रमितहरूलाई स्वस्थ जीवनयापनका लागि सहयोग पुऱ्याउनु रहेको छ । यस परियोजनाले तीनवटा परिणाम क्षेत्रमा काम गरिरहेको छ ।

परिणाम क्षेत्र १: यसमा नौलो घुम्ती नेपालले नौलो बिहानी पोखरासँग सहकार्य गरी सिटी क्लिनिक (City clinic) सञ्चालन गर्ने, एचआईभी परिक्षण, यौनरोग परिक्षण तथा उपचार, एचआइभी जाँचको क्रममा संक्रमित भेटिएकामा उनीहरूलाई उपचारको लागि एआरटी केन्द्रमा आवद्ध गराउनको लागि रेफर गर्ने तथा सँगै लिएर जाने, साथै उनीहरूलाई थप सहयोग तथा शिक्षाको लागि समुदाय हेरचाह मार्फत सेवा पुऱ्याउने रहेको छ ।

परिणाम क्षेत्र २: यसमा जोखिमन्यूनिकरण, कण्डमको सही तथा निरन्तर प्रयोग तथा संभौता सिपकाको लागि आउटरिच शिक्षा र उनीहरूलाई आवश्यक सेवा जस्तै यौनरोग तथा एचआइभी परिक्षणको लागि क्लिनिक पठाउने, नयाँ हटस्पटहरू पत्ता लगाउनका साथै नयाँ यौनकर्मी पत्ता लगाउन, कण्डम वितरण र एचआइची जाँच सेवामा वृद्धि ल्याउनका लागि साथी परिचालन, समुदाय सूचना केन्द्रको स्थापना, सुक्ष्म योजना, वेव एसएमएस र आइभीआर सेवा दिइरहेको छ । यसको अलावा समुदायलाई सचेत बनाउनुका साथै जिम्मेवार बनाउने उद्देश्यले एचआइभी सम्बन्धी लान्छना तथा भेदभाव न्यूनिकरण तालिम चलाइरहेको छ ।

परिणाम क्षेत्र ३: यसमा जिल्लामा यौन कर्मीको अवस्था के छ भनि समुदाय लेखाजोखा गर्ने (वार्षिक रुपमा, नियमित रुपमा) तथ्याङ्कको अनुगमन, मूल्याङ्कन गर्ने र परियोजनाको गुणस्तर कायम गर्ने गरिएको छ ।

यसका साथै परियोजनालाई सहजरुपले सञ्चालन गर्न र दिगो बनाउनको लागि सरकारी निकाय तथा गैरसरकारी संस्था र मुख्य समुदायका नेटवर्कसँग आवद्ध समुदायमा आधारित संस्थाहरूसँग सहकार्य गरी काम गरिएको छ ।

इपिक नेपाल परियोजनाका सुचकहरू (मुख्य उपलब्धीहरू) (आ. व. ०८०/०८१):

एचआईभी परामर्श तथा परिक्षण तथा यौन संक्रमण कार्यक्रमका सुचकहरू:	महिला यौनकर्मीहरू	समलिङ्गी पुरुषहरू	पुरुष यौनकर्मीहरू	अन्य	जम्मा
एच.आई.भी. रोकथाम परामर्श	३१२	४	२३२	१३८	६८६
एच.आई.भी. परीक्षण	२५१	५	१८७	११७	५६०
एच.आई.भी. पोजेटिभ	४	०	१६	४२	६२
ए.आर.टी. उपचार	३	१	२०	६०	८४
यौनरोगको परिक्षण	२४३	२	१४४	६५	४५४
यौन रोगको निदान र उपचार (नया र पुरानो)	३२	०	१९	६	५७
प्रेप रोकथाम उपचार	१११	०	१९	१०	१४०
सामुदायिक हेरचाह	१५	९	५६	३४३	४२३
कण्डम वितरण	४४,१२९	५८४	१४,२०४	१०,२६०	६९,१७७

यस आ.व. मा भएका अन्य महत्वपुर्ण गतिबिधिहरू:

१. **नौलो घुम्ती नेपालको अनुगमन तथा निरिक्षण**





डिसेम्बर ६, २०२३ USAID Washington प्रमुख कार्यलय बाट HIV Regional Advisor Britt Herstad, Division Chief Susanna Bker, Team Leader Ivana Lohar र संस्थाका अध्यक्ष बद्री विनोद खनाल, कार्यकारी निर्देशक अनेश गुरुङको उपस्थितिमा संस्थागत भ्रमण तथा इपिक नेपाल परियोजना ले नौलो घुम्ती नेपाल तथा एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रमद्वारा संचालित कार्यक्रमको बिषयमा जानकारी लिनुका साथै सेवा केन्द्रको भ्रमण गरी सेवाहरूको बिषयमा जानकारी लिनु भयो। त्यसैगरी फिल्डमा प्रदान गरीने सेवाको अबलोकन गर्नुका साथै सेवार्थीहरूसँग कार्यक्रमको प्रभावकारीताको बिषयमा छलफल गर्नुभएको थियो ।

२. **स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा निरिक्षण**

जनवरी २४, २०२४ स्वास्थ्य मन्त्रालयबाट नेपाल सरकारका एडिसनल सेक्रेटरी डा. दिपेन्द्र रमन सिंह सहितको टोलिद्वारा इपिक नेपाल परियोजनाले नौलो घुम्ती नेपालद्वारा संचालित एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रमको अवलोकन भ्रमण गरी कर्मचारीहरूसंग सेवाको बिषयमा जानकारी लिनुका साथै फिल्डमा प्रदान गरीने सेवा र प्रभावकारीताको बिषयमा छलफल गर्नुभएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष बद्री विनोद खानालले स्वागत तथा संस्थागत गतिविधिहरू बारे जानकारी प्रदान गर्नु भएको थियो ।

३. ३६ औं विश्व एड्स दिवस



डिसेम्बर १, २०२३ का दिन पश्चिमाञ्चल क्षेत्रीय एचआईभि एड्स संजाल र जिल्ला जनस्वास्थ्यकार्यालयको संयुक्त पहलमा ३६औं विश्व एड्स दिवस मनाईएको थियो । सो अवसरमा सचेतनामुलक र्‍याली, लेकसाइडको फुटपाथमा सुचना केन्द्र स्थापनाका साथै एचआईभीको जोखिममा रहेका समुदायमा नै फिल्डका कर्मचारीहरूले एचआईभी परीक्षण गरेका थिए । उक्त कार्यक्रममा नौलो घुम्ती नेपाल अन्तरगत रहेका सबै परियोजनाहरूबाट सहभागिता जनाईएको थियो ।

४. स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी त्था गैर सरकारी संस्थाहरू संगको समिक्षा कार्यशाला



गण्डकी प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू संगको समन्वयात्मक कार्यशाला सेप्टेम्बर २९, २०२२ मा सञ्चालन गरियो । त्यस समिक्षा कार्यशालामा नौलो घुम्ती नेपालले इपिक नेपाल परियोजनाको जानकारी साथै एचआईभी संक्रमितहरूको लागि एआरटीमा दर्ता प्रक्रिया, सिडिफोर, भाईरल लोड र सामाजिक युनिटको सेवा आदिका बारेमा छलफल गरिएको थियो ।

५. स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी कर्मचारी लागि Continued Medical Education



गण्डकी प्रदेश स्थित Pokhara Academy of Health Sciences मा मे ५, २०२४ को दिन कार्यरत सरकारी कर्मचारी लागि Continued Medical Education सञ्चालन गरियो । त्यस तालिममा एचआईभि एड्स त्था बालरोगको क्षेत्रमा भएको नयाँ बिकासहरू बारेमा छलफल गरिएको थियो ।

६. कार्यशाला तथा गोष्ठीमा सहभागिता

इपिक नेपाल परियोजनाद्वारा आयोजित त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक कार्यशाला तथा गोष्ठीहरूमका संस्थाका अध्यक्ष बद्री विनोद खनाल र कार्यकारी निर्देशक अनेश गुरुङ चितवन, जनकपुर र विराटनगरमा सहभागी हुनु भएको छ भने परियोजनाका अन्य कर्मचारीहरू परियोजनाद्वारा आयोजित विषयगत क्षमता अभिवृद्धिका तालिम तथा गोष्ठीहरूमा सहभागी भएका छन् ।

यस आ.व. २०८०/०८१ मा देखिएका प्रमुख समस्याहरू तथा समाधानका प्रयासहरू:

- लान्छना र भेदभाव कारण सेवा पहुंचको कमि: स्वास्थ्यकर्मी, शिक्षक, एनजिओमा कार्यरत कर्मचारीहरूका लागि

लान्छना तथा भेदभाव सम्बन्धी तालिमहरू सञ्चालनमा, सरकारी र समुदायमा आधारित संघसंस्थाहरू संग समन्वय तथा सहकार्य,

- एआरटी शुरु गरेपछि विभिन्न कारणले एआरटी निरन्तरतामा समस्याः ए आर टी निरन्तरता दिनकालागि सेवार्थीहरूलाई प्रोत्साहन र फलोअप, साथै घरैमा वा समुदायमा नै सेवा प्रदान, सेवार्थीहरूलाई मानसिक स्वास्थ्य सम्बन्धि जानकारी तथा उपचारमा सहयोग, ईपिक नेपालद्वारा एआरटी केन्द्रका लागि एक जना काउन्सलरको व्यवस्था,
- भाईरल लोड टेष्टिङ्ग सम्बन्धि सेवाको निरन्तरतामा समस्याः नियमित रुपमा भाईरल लोड टेष्टिङ्गका आवश्यक टेष्ट किटहरूका लागि सरकारी र दातृनिकायहरू संग समन्वयात्मक बैठक र छलफल, ईपिक नेपालद्वारा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भाईरल लोड टेष्टिङ्ग मा सहयोग गर्नका लागि एक जना कर्मचारी नियुक्ति ।

संस्थाका नियमित गतिविधिहरू

संस्थाको २२ औं वार्षिक साधारण सभाः

मिति २०८०/०६/२६ गते संस्थाको २२ औं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष बद्रीविनोद खनालको अध्यक्षतामा पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्य को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

बैठकहरू

गत वर्षमा संस्थाको कार्यसमितिको बैठक ४ पटक बसी बिबिध बिषयमा छलफल एवं निर्णय गरिएको छ । त्यसैगरी परियोजना व्यवस्थापन समितिको बैठक ४ पटक, सामुदायिक विकास कार्यक्रम व्यवस्थापन समिति ४ पटक, विभागीय प्रमुखहरूको बैठक २ पटक, सम्पूर्ण कर्मचारीहरूको बैठक १ पटक, कर्मचारी छनौट समिति, तथा परियोजनागत मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक बैठकहरू नियमित रुपमा सम्पन्न भएका छन् । यसैगरी खरीद समितिको बैठक, प्रस्ताव तयारी बैठक तथा अन्य बैठकहरू आवश्यकता अनुसार सम्पन्न भएका छन ।

लेखा परीक्षण

आ.व. २०८०/०८१ को लेखा परीक्षण साधारण सभाबाट नियुक्त चार्टड एकाउन्टेन्ट फर्म गोशेली एण्ड एशोसिएट बाट सम्पन्न गरी प्रतिवेदन पेश गर्नुभएको छ । जसको प्रतिवेदन यसै सभामा प्रस्तुत गरिएको छ ।

सामाजिक परीक्षण

आ.व. २०७९/८० मा संस्थाद्वारा संचालित सम्पूर्ण परियोजना सहित संस्थागत लेखा परीक्षण लेखा परीक्षक दिपेन्द्र श्रेष्ठद्वारा सम्पन्न गरि २२ औं साधारण सभा समक्ष प्रतिवेदन प्रस्तुत तथा छलफल गरिएको थियो भने यस आ. व. २०८०/८१ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । जसको प्रतिवेदन यसै साधारण सभामा प्रस्तुत गरिएको छ ।

सहभागिता

यस आ. व. मा विभिन्न संजाल तथा संघसंस्था हरूसंग समन्वय बैठकमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको छ । यस अर्न्तगत गण्डकी प्रदेश, शिक्ष, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, जिल्ला समन्वय समिति, रिकभरिङ्ग नेपाल, नानगान, जिल्ला दैवि प्रकोप उपसमिति, गैसस महासंघ, शान्तिका लागि नागरिक समाजको सञ्जाल, मानव अधिकार एलायन्स, गण्डकी प्रदेश एचआइभी एलायन्स लगायतमा संस्थाको सक्रिय सहभागिता रहेको छ र आवश्यक्ता बमोजिम समन्वय तथा सहभागितालाई थप बढावा दिईनेछ ।

नौलो घुम्ती नेपाल

त्रैमासिक अनुगमन तथा समीक्षा

यस आ.व. मा पनि विभिन्न दातृनिकायवाट त्रैमासिक समिक्षा तथा अनुगमन सम्पन्न भएका छन । समाज कल्याण परिषद् बाट संस्थागत तथा कार्यक्षेत्रगत अनुगमन तथा समीक्ष भएको छ । गृह मन्त्रालयबाट र जिल्ला प्रशासन कास्कीद्वारा लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्रको अनुगमन तथा मुल्याङ्कन स्म्पन्न भएको छ। गुड नेबर्स इन्टरनेश्नल नेपाल प्रधान कार्यालयद्वारा परियोजनाको आन्तरिक लेखा परिक्षण तथा फिल्ड अनुगमन भ्रमण भएको छ भने जिल्ला कार्यक्रम संयोजक मन कुमार राई, एफएचआइका बरिष्ठ कार्यक्रम अधिकृत कृपा भट्टराई संग कार्यक्रमको मासिक तथा त्रैमासिक समीक्षा बैठकहरू सम्पन्न गरिएका छन । आईटिटिएफ फाउण्डेशनका कार्यक्रम संयोजक जुलिया टपेन्ड्रफ द्वारा भर्चुअल त्रैमासिक समीक्षा बैठकहरू सम्पन्न गरिएका छन सम्पन्न भएको छ ।

हरेक महिना स्वास्थ्य कार्यालय, कास्की, पोखरा महानगर पालिका कार्यालय, कास्की जिल्लाका विभिन्न गाँउपालिका, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र एवं सम्बन्धित सबै सरोकारवाला निकायहरूमा सबै परियोजनाहरूले सेवार्थीहरूलाई पुऱ्याएको सेवाको विवरण सहितको प्रतिवेदन तयार गरी पठाउने कार्यलाई यस वर्ष अझ प्रभावकारी वनाईएको छ । त्यसैगरी परियोजनाको संझौतामा उल्लेख भए अनुसार संवन्धित दातृ निकायमा नियमित रुपमा संक्षिप्त एंव विस्तृत प्रतिवेदन पठाउँदै आइएको छ ।

समन्वय र संजालिकरण

- गैरसरकारी संस्था महासंघ जिल्ला समिति कास्कीमा यस संस्थाका अध्यक्ष योगराज पौडेल सदस्य रहनुभएको छ ।
- गैरसरकारी संस्था महासंघ गण्डकी प्रदेश समितिमा यस संस्थाका आजीवन सदस्य तथा सल्लाहाकार पदमराज पहारी उपाध्यक्ष रहनुभएको छ ।
- गण्डकी प्रदेश एचआईभी. एड्स संजालमा नौलो घुम्ती सदस्य रहेको छ । जसमा कार्यकारी निर्देशकको प्रतिनिधित्व रहेको छ ।
- नौलो घुम्ती नेपाल नानगानको सदस्य रहेको छ। यस संस्थाका अध्यक्ष नानगानमा कार्यसमिति सदस्य हुनुहुन्छ।
- रिकभरिङ्ग नेपालमा पनि सदस्य संस्थाको रुपमा सहभागिता राख्दै आएको छ ।
- जिल्ला प्रकोप उद्धार समिति अन्तरगत स्वास्थ्य समितिको सदस्य रहेको छ ।
- हिंसामा परेका महिला तथा बालबालिकाहरूका लागि आकस्मिक उद्धार संजालको सदस्य ।
- शान्तिको लागि नागरिक समाजको संजालमा संस्था सदस्य रहेको छ ।
- एचआईभी एड्स तथा प्रजनन् स्वास्थ्य सम्वन्धी राष्ट्रिय संजालमा (HIV/SRHR) नौलो घुम्ती सदस्य संस्थाको रुपमा रही आएको छ ।
- यस बाहेक यस संस्थाका पदाधिकारी सदस्यहरू, कर्मचारीहरू लायन्स क्लव, रेडक्रस, रोटरी क्लब, सामुदायिक समिति, मानव अधिकार सम्वन्धी संस्थाहरू, सहकारी संस्था, समुदायमा आधारित अन्य संघ संस्थामा संलग्न भई सामाजिक सेवाका विभिन्न कृयाकलापमा नेतृत्व प्रदान गर्दै आउनुभएको छ जसबाट संस्थालाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग प्रदान भएको छ ।

आगामी वर्ष २०८१/०८२ का लागी प्रस्तावित कार्यक्रमहरू

१. एचआइभी, रोकथामका लागि लागुपदार्थ परामर्श उपचार तथा पुनर्स्थापना कार्यक्रमलाई दातृ निकायको सहयोग प्राप्त नहुने अवस्थामा पनि दिगो रुपमा सञ्चालन गर्ने उपायहरू अवलम्वन गर्ने ।

२. जिल्ला समन्वय समिति, स्थानीय निकाय संगको सहकार्यमा कास्की लगायत गण्डकी प्रदेशका अन्य जिल्लाहरूमा सामुदायिक झोलुङ्गे पुल कार्यक्रमलाइ विस्तार तथा निरन्तर सञ्चालन गर्ने ।

३. कास्की जिल्लामा संचालित एकीकृत सामुदायिक विकास परियोजनालाई निरन्तरताको लागि गुड नेवर्स इन्टरनेशनल संग समन्वय गरिनुका साथै, स्थानीय सरकार तथा स्थानीय दाताहरू संग समन्वय तथा पहल गरि कार्यक्रमलाई थप प्रभावकारी र विस्तारित रुपमा अगाडि बढाउने ।

४. विभिन्न स्थानीय दाता, बैङ्क तथा वित्तिय संस्था, स्थानीय निकाय, आजिवन सदस्य, कार्यसमिति पदाधिकारिहरू संग समन्वय र सहकार्य गरि स्पोन्सरसिप अ ड्रिम परियोजना मार्फत आर्थिक अभावका कारण शिक्षा बाट बन्चित रहेका वालवालिकाहरूलाई शिक्षको पहुँच अभिबृद्धि गर्ने ।

५. ITTF Foundation संगको सहकार्यलाई निरन्तरता दिई Table Tennis for New Life (TTNL) परियोजनालाई निरन्तरता दिने ।

६. एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम इपिक नेपाल Family Health International (FHI360) संगको सम्झौता यही सेप्टेम्बर २०२४ सम्म मात्र रहेकोमा थप निरन्तरताका लागि पहल गरिनेछ ।

७. संस्थाको आर्थिक स्रोत संकलनका लागि पहल गर्ने तथा कार्यक्षेत्र विस्तार गर्ने ।

८. संस्थाका लागि नयाँ कार्यक्रम, नयाँ दातृनिकाय खोजी गरिने तथा इच्छापत्र र प्रस्ताव पत्र पेश गर्ने ।

९. संस्थामा रहेका सबै प्रकारका नीतिनियम, निर्देशिका, प्रोटोकलहरूको समयानुकुल परिमार्जन र संशोधन गर्ने ।

१०. गैर सरकारी संस्था महासंघ, गण्डकी प्रदेश एचआइभी र एड्स संजाल, रिकभरिङ्ग नेपाल, नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय संजाल, प्रदेश स्वास्थ्य संजाल, सामाजिक जवाफदेहिता संजाल, खानेपानी र सरसफाई समिति, प्रदेश बिपद् तथा दैवीप्रकोप व्यवस्थापन समिति, जिल्ला प्रजनन् स्वास्थ्य समिति, शान्तिको लागि नागरिक समाजको संजाल, लगायत सम्बन्धित सरोकारवाला निकाय सबै संगको संस्थागत संबन्धलाई निरन्तरता दिने र संस्थाको भूमिकालाई अझ प्रभावकारी बनाउने ।

११. महायज्ञमा दान प्रदान गर्ने दानवीरहरूलाई संस्थागत नीति बमोजिम मार्वलमा अभिलेख राखिने छ ।

१२. भौतिक परिक्षण, लेखा परिक्षण प्रतिवेदन तथा अन्य निकायहरूबाट भएका अनुगमन मुल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयन गर्दै जाने ।

१३. संस्थाको वृत्ति विकासलाई मध्यनजर गर्दै सूचना प्रविधिलाई प्रभावकारी रुपमा अवलम्बन गरि डाटा रेकर्डिङ्ग, ई फाईलिङ्ग, वेबसाइट, इमेललाई समयानुकल अध्यावधिक, परिमार्जित तथा व्यवस्थितलाई निरन्तरता दिनुका साथै सेवाग्रही तथा सरोकारवाला निकायहरूलाई सुचनाको सहज पहुँच अभिबृद्धि गर्ने ।

अनुसुची १: कार्यसमिति तथा आजीवन सदस्यको नामावली

क्र.सं.	नाम	ठेगाना	सदस्यता
१	बद्री विनोद खनाल "प्रतीक"	पोखरा-१२, रानीपौवा कास्की	अध्यक्ष
२	योगराज पौडेल	पोखरा-५, पर्स्याङ्ग कास्की	निबर्तमान अध्यक्ष
३	सुरेन्द्र थापा मगर	पोखरा-८, चालिसे चोक, कास्की	प्रथम उपाध्यक्ष
४	मंगल नेपाली	पोखरा-६, बैदाम कास्की	द्वितीय उपाध्यक्ष
५	मीना कुमारी गुरुङ्ग	पोखरा-१६, कास्की	महासचिव
६	कमल प्रसाद अर्याल	पोखरा-७ राष्ट्र बैक चोक, कास्की	सचिव
७	महेन्द्र कुमार गुरुङ्ग	पोखरा-१०, कास्की	कोषाध्यक्ष
८	शिवराम भण्डारी	पोखरा -१७ कास्की	सदस्य, कार्यसमिति
९	तुमला श्रेष्ठ	पोखरा -१७ कास्की	सदस्य, कार्यसमिति
१०	कमला रिमाल	पोखरा- १६, लामाचौर, कास्की	सदस्य, कार्यसमिति
११	ढुण्डीराज ज्ञवाली	मधौलिया- ६ रुपन्देही	सदस्य, कार्यसमिति
१२	विनु गुरुङ	पोखरा-१३ माटेपानी	सदस्य, कार्यसमिति
१३	खड्ग बहादुर रानाभाट	पोखरा-१७, ड्यामसाईड कास्की	सल्लाहकार समिति संयोजक
१४	प्रेम बहादुर श्रेष्ठ	पोखरा-१७, पार्दि कास्की	संस्थापक अध्यक्ष तथा सल्लाहकार
१५	ईन्दिरा बराल	पोखरा-७ , राष्ट्र बैक चोक कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१६	पदम राज पहारी	पोखरा-६,कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१७	मेहरमान श्रेष्ठ	पोखरा-६, बैदाम कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१८	मे. दिल बहादुर गुरुङ्ग	पोखरा-८, बगालेटोल कास्की	सल्लाहकार
१९	मे. चन्द्र बहादुर गुरुङ्ग	पोखरा ८, कास्की	सल्लाहकार
२०	दीनकुमारी शर्मा	पोखरा-७, रत्नचोक कास्की	आजीवन सदस्य
२१	रमेश बहादुर भट्टराई	पोखरा-६, लेकसाइड, कास्की	आजीवन सदस्य
२२	काली वहादुर परियार	पोखरा-६ लेकसाईड	आजीवन सदस्य
२३	राममाया विश्वकर्मा	पोखरा-६,कास्की	आजीवन सदस्य
२४	डा.रामनाथ ओझा	थुम्की ८, कास्की	आजीवन सदस्य
२५	लाल कुमारी गुरुङ्ग	थुमाको डांडा गा.वि.स कास्की ।	आजीवन सदस्य
२६	राम प्रसाद ज्ञवाली	पोखरा १७, विरौंटा, कास्की	आजीवन सदस्य
२७	शकुन सिंह	पोखरा-१७, ड्यामसाईड, कास्की	आजीवन सदस्य
२८	चुडामणि पहारी	पोखरा-६, बैदाम कास्की	आजीवन सदस्य
२९	राजेन्द्र अधिकारी	पोखरा-१६, लमाचौर कास्की	आजीवन सदस्य
३०	जमुना पौडेल	पोखरा-७, राष्ट्रबैंक चोक कास्की	आजीवन सदस्य
३१	डा.कपिल उपाध्याय	काठमाडौं -१०, बनेश्वर हाइट	आजीवन सदस्य
३२	रामराज के.सी.	पोखरा-१, बगर कास्की	आजीवन सदस्य
३३	गृष्म केशव पराजुली	पोखरा- १५, नयां गांउ,कास्की	आजीवन सदस्य
३४	गणेश बहादुर श्रेष्ठ	पोखरा-१, वागवजार कास्की	आजीवन सदस्य
३५	महेश गुरुङ्ग	नयां गाउं १५, पोखरा, कास्की	आजीवन सदस्य
३६	डा. दिपेन्द्र कुमार गौतम	पोखरा-१२, रामघाट, कास्की	आजीवन सदस्य

क्र.सं.	नाम	ठेगाना	सदस्यता
३७	राजन अधिकारी	विराटनगर- ११, मोरङ्ग	आजीवन सदस्य
३८	सुशील कुमार गोशली	पोखरा- ९, नयां जार कास्की	आजीवन सदस्य
३९	कर्म गुरुङ्ग	पोखरा-१६, कास्की	आजीवन सदस्य
४०	हिमालय देव सिग्देल	काठमाण्डौं-७, सिफल	आजीवन सदस्य
४१	योगेन्द्र प्रधान	पोखरा-९, नयांवजार कास्की	आजीवन सदस्य
४२	ई.शारदा मोहन काफ्ले	पोखरा-८, कास्की	आजीवन सदस्य
४३	पुष्पराज श्रेष्ठ	पोखरा-८, कास्की	आजीवन सदस्य
४४	प्रकाश वाग्ले	मनपाङ गा.वि.स. ८, तनहुं	आजीवन सदस्य
४५	डा. नारायण ओझा	पोखरा-१२ कास्की	आजीवन सदस्य
४६	मेजर रामबहादुर गुरुङ्ग	पोखरा-१०, पोखरा कास्की	आजीवन सदस्य
४७	दिल बहादुर गुरुङ्ग	पोखरा- १, बगर कास्की	आजीवन सदस्य
४८	निलम दुवे	पोखरा-१०, कास्की	आजीवन सदस्य
४९	गज कुमारी गुरुङ्ग	पोखरा-१०, कास्की	आजीवन सदस्य
५०	गंगा कुवर	पोखरा-१०, कास्की	आजीवन सदस्य
५१	राज कुमारी पुन	पोखरा -६, कास्की	आजीवन सदस्य
५२	कृष्ण के.सी	पोखरा -८ कास्की	आजीवन सदस्य
५३	नारायण प्रसाद पौडेल	चिलाउनेवास-२, स्याङजा	आजीवन सदस्य
५४	निरुपा थापा	पोखरा-१०, कास्की	आजीवन सदस्य
५५	राम प्रसाद पौडेल	पोखरा- ६ कास्की	आजीवन सदस्य
५६	माधव तिमिल्सिना	सराङकोट- ५ कास्की	आजीवन सदस्य
५७	कमल पौडेल	पोखरा -७ कास्की	आजीवन सदस्य
५८	मना ज्ञवाली	पोखरा -१७ कास्की	आजीवन सदस्य
५९	सम्पुर्ण पौडेल	चिलाउनेवास - ५ स्याङजा	आजीवन सदस्य
६०	शिव राज शर्मा	पिपलटारी पर्वत	आजीवन सदस्य
६१	पोष्ट वहादुर के.सी	खिदिम अर्घाखांची	आजीवन सदस्य
६२	कपिल प्रसाद पुरी	रुरु-७, गुल्मी नेपाल	आजीवन सदस्य
६३	शम्भु प्रसाद पोखेल	सन्धिखर्क-१, अर्घाखांची	आजीवन सदस्य
६४	शिवराज आचार्य	पोखरा -१७ विरौटा	आजीवन सदस्य
६५	हरि पौडेल	पोखरा-६ कास्की (होटल वाराही)	आजीवन सदस्य
६६	देवी सुवेदी	पोखरा-१७ ड्यामसाईड	आजीवन सदस्य
६७	सुशीला सुवेदी	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य
६८	राम प्रसाद तिमिल्सेना	पोखरा-५ मालेपाटन	आजीवन सदस्य
६९	डा. वर्षा कुँवर	पोखरा-१० हस्पीटल चोक	आजीवन सदस्य
७०	डा. मुकुन्द आचार्य	पोखरा- १७ कास्की	आजीवन सदस्य
७१	डा. थानेश्वर पहारी	पोखरा-६ बसन्तबैठक नारेश्वर	आजीवन सदस्य
७२	डा. देवेन्द्र लामिछाने	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य
७३	हरि गैरे	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य

नौलो घुम्ती नेपाल

क्र.सं.	नाम	ठेगाना	सदस्यता
७४	जगन गुरुङ	पोखरा- १६ कास्की	आजीवन सदस्य
